का.जि.प्र.का.द.नं. १००/०५९/६०
३ पुस २०८२
बिहीबार
18 December 2025
Thursday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक



**श्रमिक महिलाका दुःख**

# ज्यालामा विभेद कार्यस्थलमा दुर्व्यवहार

आठ वर्षअघिको एक सर्वेअनुसार नेपालका कुल श्रमिकमध्ये ८४ दशमलव ६ प्रतिशत अनौपचारिक क्षेत्रमा संलग्न छन् । जसमा महिलाको हिस्सा करिब ९० प्रतिशत रहेको छ । यति ठूलो संख्यामा श्रमिक महिला संलग्न भए पनि उनीहरूले न्यून ज्याला पाउने, स्थानीय तहमा दर्ता नहुने, न्यूनतम ज्याला व्यवस्था तथा सामाजिक सुरक्षाबाट वञ्चित हुने अवस्था बेहोर्दै आएका छन् ।



**सपना बोहरा/मध्यान्ह**
काठमाडौं, २ पुस

डोटी जिल्लाकी सीताकुमारी पार्की निर्माण क्षेत्रकी श्रमिक हुन् । उनीसँग न लिखित करार छ, न त कामको कुनै परिचय । उनले ज्याला त पाउँछिन् तर त्यो उनीसँगै काम गर्ने पुरुषकोभन्दा कम छ । निर्माण व्यवसायीले कतिबेला हटाउने हो कुनै टुंगो छैन । कार्यस्थल पनि निकै जोखिमयुक्त छ । 'यी पीडा कसले बुझिदिने ?,' पार्की भन्छिन्, 'कसले न्याय गरिदिने ?'

सीताले निर्माण क्षेत्रमा काम गर्न थालेको बर्षौं भयो । तर अहिलेसम्म पुरुषसरह समान ज्याला पाएकी छैनन् । न त सामाजिक सुरक्षा प्राप्त गर्न सकिन् । त्यति मात्र होइन कार्यस्थलमा आवश्यक पर्ने सुरक्षाका सामग्रीसमेत पाइनन् । उनी भन्छिन्, 'मैले ठेकेदारसँग समान ज्यालाको कुरा उठाउँदा बेवास्ता भयो, बजेटमा नै श्रमिकहरूका लागि सुरक्षित सामग्री (पञ्जा, जुत्ता)लगायतका समावेश छ, सुविधा पाउनुपर्छभन्दा ठेकेदारले उल्टै काम बन्द गरिदिन्छौं भनेर धम्की दिए ।' अनौपचारिक क्षेत्रका श्रमिक महिलाहरूको पीडा सबैले बेवास्ता गरेको पार्कीको गुनासो छ ।

डोटी जिल्लाकी सीताकुमारी जस्तै अर्की श्रमिक हुन्- पाल्पाकी अनिता गाहा । उनले मजदुरी गर्न थालेको १२ वर्ष बित्यो । दैनिक ३ सय रुपैयाँदेखि लेबर काम गर्न सुरु गरेकी उनी आजभोलि ५ सय रुपैयाँ मात्र पाउँछिन् । आफूले काम थाल्दा पुरुष मजदुरले भने >>> पृष्ठ २ मा

# एमाले नेतृत्वमा आए १५ युवा

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २ पुस

'४० वर्षमुनिका युवाहरू उठिदिनुस् त' नेकपा एमालेको ११औं महाधिवेशनको बन्दसत्र सुरु गर्दै अध्यक्ष ओलीले भनेका थिए, 'अब ढुक्क हुन सकिन्छ । हाम्रो पार्टी नेतृत्व पुस्तान्तरण र हस्तान्तरणको सिलसिलाबाट अघि बढ्दै छ ।'

ओलीले भनेझैं विघटित प्रतिनिधि सभाको सबैभन्दा ठुलो वामपन्थी दल एमालेले केन्द्रीय कमिटीमा युवा प्रतिनिधित्व बढाएको छ । केन्द्रीय कमिटीमा ४० वर्षमुनिका १५ युवा पुग्दै छन् । महाधिवेशन प्रतिनिधि चयनदेखि नै त्यसको गृहकार्य गरिएको थियो । प्रत्येक निर्वाचन क्षेत्रबाट एक जनाका दरले १ सय ६५ युवा प्रतिनिधि छनोट गरिएका थिए ।

जेनजी विद्रोहपछि पार्टी संरचनामा परिवर्तन देख्न चाहेको पार्टी पंक्तिलाई एमालेले युवा प्रतिनिधित्व



> आउँदो चुनावमा निर्णायक उमेर समूह ठानिएको युवा पुस्ताको प्रतिनिधित्वमार्फत एमालेले नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको सन्देश दिन खोजेको छ ।

बढाएर आश्वस्त पार्ने कोसिस गरेको देखिन्छ । एमालेलगायत पुराना दलहरू पार्टी नेतृत्वमा नयाँ पुस्ताको प्रतिनिधित्व बढाउनुपर्ने दबाबमा छन् । आउँदो चुनावमा निर्णायक उमेर समूह ठानिएको युवा पुस्ताको प्रतिनिधित्वमार्फत एमालेले नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको सन्देश दिन खोजेको छ । एमालेले पहिलोपटक कोटा तोकेरै पार्टी केन्द्रमा युवालाई पुऱ्याएको हो ।

एमालेमा हरेक प्रदेशबाट एक/एक जना युवा सदस्य केन्द्रमा पुगेका छन् । सात प्रदेशबाट एक/एक जना र काठमाडौं उपत्यकाबाट एकसहित आठ युवा केन्द्रीय सदस्य बनेका छन् । त्यस्तै, दलितबाट एक, जनजाति, मधेसी र खुला प्रतिस्पर्धाबाट दुई/दुई युवालाई केन्द्रीय कमिटीमा ल्याइएको छ । जुन ३ सय एक सदस्यीय केन्द्रीय कमिटीको झन्डै ५ प्रतिशत हो । पहिलोपटक यस्तो व्यवस्था नभएकाले सकारात्मक लिनुपर्ने युवा नेता उषाकिरण तिम्सेना बताउँछिन् । 'यो पर्याप्त होइन तर सकारात्मक छ । यसले पार्टी नेतृत्वमा युवा हस्तक्षेप बढ्दै जान्छ,' उनले भनिन् ।

१९ सदस्यीय पदाधिकारीमा भने युवा संख्या शून्य छ । जबकि महाधिवेशनका झन्डै ५० प्रतिशत प्रतिनिधि >>> पृष्ठ २ मा

# कतार उडे चितवनका दुईवटा हात्ती



रासस

*भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट कतार एयरको विमान चढाएर हात्ती कतार पठाइएको हो । नेपालले अहिलेसम्म विभिन्न देशलाई ४७ प्रकारका वन्यजन्तु उपहार दिइसकेको छ । यसअघि चीन, भारत, अमेरिका, जर्मनी, बंगलादेश, बेलायत, जापान, अस्ट्रेलियालगायत देशलाई गैंडा उपहार दिएको थियो ।*

**वैदेशिक रोजगार विशेष**

**प्रतिबन्धको मार**

# कुवेतमा नेपाली घरेलु कामदार र दूतावासको भूमिका

**मदनकुमार श्रेष्ठ/मध्यान्ह**
कुवेत सिटी, कुवेत, २ पुस

नेपाली अदक्ष कामदारका लागि आकर्षक कुवेतको घरेलु कामदारको श्रम स्वीकृतिमा प्रतिबन्ध लगाउँदा कामदारबाहेक सबै पक्षले लाभ उठाएको देखिएको छ ।

तत्कालीन प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले असुरक्षाको कारण देखाउँदै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई यस्तो निर्देशन दिएपछि करिब १० वर्षअघि २०७२ चैत २० देखि घरेलु कामदारको श्रम स्वीकृति रोकिएको हो । सरकारले घरेलु कामदार पठाउन रोक लगाएपनि हाल ६० हजार बढी नेपाली घरेलु कामदार अलेखबद्ध हैसियतमा कुवेतमा कार्यरत रहेको सरकारी तथा गैरसरकारी क्षेत्रको आँकलन छ ।

**कुवेतमा विभिन्न प्रकारका घरेलु कामदार**

घरेलु कामदार, कुक, चालक, नानी/दाइ, वृद्ध हेरचाहकर्ता,



माली, सफाइ गर्ने, घरको काम गर्ने महिला कामदार र निजी सवारी चलाउने ड्राइभर, बगैंचा हेरचाह गर्ने मालीलगायतका काम घरेलु कामदारको वर्गमा रहेका छन् । मुख्यगरी कुवेती रोजगारदाताले नेपालसहित फिलिपिन्स, भारत, श्रीलंका, बंगलादेश, इथियोपिया र केन्याबाट घरेलु कामदार ल्याई आफ्नो सहयोगीका रूपमा काममा लगाउने गरेका छन् । घरमा सफा गर्ने तथा खाना पकाउने नानी भनिनेका लागि मासिक तलव ९० देखि १८० केडी, सवारी चालकको १५० देखि २०० केडी तलब रहेको छ । तलब अनुभव, भाषा र रोजगारदातामा निर्भर हुने गरेका कारण कतिपयले यसभन्दा धेरै पनि पाउने गरेको कुवेतमा रहेका नेपाली संघसंस्थाका अगुवाहरूको भनाइ छ ।

वैधानिक हैसियतमा आउनेले प्रतिदिन १० देखि १२ घण्टा काम गरी हप्तामा १ दिन बिदा पाउने गरेका छन् । विभिन्न मार्ग हुँदै गैरकानुनी रूपमा आई अलेखबद्ध भएर काम गरेका नेपालीले यो सुविधा पाउन सकेका छैनन् । >>> पृष्ठ २ मा

# संसद् ब्युँताउन कांग्रेस सक्रिय

नेकपा एमालेले प्रतिनिधि सभा पुनर्स्थापनालाई प्रमुख एजेन्डा बनाइरहेको छ । यहीबेला नेपाली कांग्रेस पनि थप सक्रिय भएर संसद् ब्युँताउने कसरतमा लागेको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २ पुस

नेपाली कांग्रेसभित्र प्रतिनिधि सभा पुनर्स्थापनाको मागको विषयमा मत विभाजित छ । सभापति शेरबहादुर देउवा पक्षधर अर्थात् संस्थापन पक्ष प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा देखिँदै आएको छ । यसमा संस्थापनइतर मौन रहँदै आएको थियो । संस्थापनइतर पनि डा. शेखर कोइरालाको एउटा धार छ भने महामन्त्री गगन थापाले अर्को धारको नेतृत्व गर्दै आएका छन् ।

पछिल्लो समय डा. शेखर कोइराला धार प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा देखिन थालेको छ । यो धारमा रहेका विघटित प्रतिनिधि सभाका कतिपय सदस्यले प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा हस्ताक्षर नै गरेका छन् ।

यसअघि कांग्रेसका सात जना सांसदले प्रतिनिधि सभा पुनर्स्थापनाको माग राखेर सर्वोच्च अदालतमा मुद्दा दिएका थिए । कांग्रेसका निवर्तमान प्रमुख सचेतक श्यामकुमार घिमिरेलगायतका सांसदले दर्ता गरेको रिटमाथि बुधबार सुनुवाइ गर्दै सर्वोच्च अदालतको संवैधानिक इजलासले कारण देखाऊ आदेश जारी गरेको छ ।



> तोकिएको समयमा निर्वाचन नभए प्रतिनिधि सभा पुनर्स्थापनाको सम्भावना बलियो हुनेछ ।
>
> **डा. शेखर कोइराला**
> नेता, नेपाली कांग्रेस

सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गर्न अस्वीकार गर्दै विपक्षीहरूसँग लिखित जवाफ माग गरेकै दिन संसद् ब्युँताउन कांग्रेस थप सक्रिय भएको हो ।

सर्वोच्च अदालतका प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत, न्यायाधीशहरू सपना प्रधान मल्ल, कुमार रेग्मी, मनोजकुमार शर्मा र नहकुल सुवेदीको संवैधानिक इजलासमा >>> पृष्ठ २ मा

**Vacancy Announcement**
One of the reputed recruitment manpower agency is seeking for following applicants.
- PR Officer-5 (Male/Female)
  +2 passed with 2 years experience in related field
- Officer Manager-2 (Male/Female)
  Bachelor passed with 3 years experience in related field
- Social Media Specialist-2 (Male/Female)
  Bachelor passed in Information Technology & 2 years experience in related field

Salary Negotiable

Empire International Pvt. Ltd.
Shantinagar, Kathmandu, Nepal
Phone No: 01-4621348, 4620715, 9802392340, 9802392341
E-mail: jobs@empirenepal.com
Lic. No. 695/063/064

**मतदानमा सहभागी बनौं ।**
- मतदान गर्नु नागरिकको अधिकार र कर्तव्य हो।
- मतदाताका अधिकारलाई जिम्मेवारीपूर्वक निर्वाह गरी।
- मतदाता नामावलीमा आफ्नो नाम दर्ता भए नभएको एकिन गरी।
- मतदान स्थल, केन्द्र र समयको पारमा जानकारी राखौ।
- मतदान गर्न जाँदा मतदाता परिचयपूण अनिवार्यरुपमा लिएर जाऔं।
- दबाब र प्रभावमा परी मतदान नगरा।
- व्यक्तिगत विवेकका आधारमा मतदान गरी।
  अस्वस्थ, ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिलाई मतदान केन्द्रसम्म पुग्न सहयोग गरा।
- सामाजिक सद्भाव, शान्ति र सुरक्षित वातावरण कायम गरी मतदान गरौं।

*राष्ट्रिय हित, विकास र सुशासनका पश्शमा योग्य प्रतिनिधि छानी।*

नेपाल सरकार
विज्ञापन बोर्ड

मध्यान्ह
www.madhyanhadaily.com

३ पुस २०८२ बिहीबार
18 December 2025 Thursday

## नेपाल ट्रस्ट जग्गा प्रकरण

# पूर्वसचिव कार्कीसहित चार जनाविरुद्ध मुद्दा दायर

**काठमाडौं/मस–** नेपाल ट्रस्ट जग्गा प्रकरणमा तीन जना र एक कम्पनीविरुद्ध बुधबार मुद्दा दर्ता भएको छ ।

नेपाल ट्रस्टको दरबारमार्गस्थित एक रोपनी १४ आना जग्गा लिजमा भएको अनियमितताामा पाँच अर्ब २५ करोड ६३ लाख रुपैयाँ बिगो कायम गरी मुद्दा दायर भएको हो ।




तत्कालीन सचिव अर्जुनबहादुर कार्की, सहसचिव लेखबहादुर कार्की, थामसेर्कु ट्रेकिङका अध्यक्ष ल्हाक्पा सोनाम शेर्पा र थामसेर्कु ट्रेकिङलाई प्रतिवादी बनाएर जिल्ला सरकारी वकिल कार्यालय, काठमाडौंले बुधबार जिल्ला अदालत काठमाडौंमा ठगी मुद्दा दायर गरेको हो । प्रतिवादी बनाइएकाहरूले नेपाल ट्रस्टलाई ६ अर्ब ४५ करोड ६६ लाख ३७ हजार ९९४ रुपैयाँ ३१ पैसा दिने प्रस्ताव स्वीकार गर्न सिफारिस गरेको भएपनि एक अर्ब ५९ करोड ४० लाख ५२ हजार २०४ रुपैयाँ ६० पैसामा सम्झौता गरेको खुलेको छ । यसरी गरेको सम्झौता नियम संगत नदेखिएको र ठगी गरेको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को अनुसन्धानको निष्कर्ष छ । २०७४ जेठ १४ गते भाडा बापत १ अर्ब ४० करोड १० लाख ८६ हजार ७७ रुपैयाँ र निर्माण खर्च १९ करोड २ ९ लाख ६५ हजार ९२७ रुपैयाँ ६० पैसा गरी एक अर्ब ५९ करोड ४० लाख ५२ हजार २०४ रुपैयाँ ६० पैसामा सम्झौता गरेको पाइएको छ ।

नेपाल ट्रस्टको नाममा दर्ता कायम रहेको काठमाडौं महानगरपालिका-१ दरबारमार्ग स्थित कित्ता नं. ४६०६ को १-१४-०-३-५६ क्षेत्रफलको जग्गा लिजमा लिँदा नेपाल ट्रस्टको कार्यालय र थामशेर्कु ट्रेकिङ प्रालिका बिचमा निर्माण अवधि ३ वर्षसमेत गरी ३० वर्षका लागि सम्झौता भएको थियो ।

नेपाल प्रहरी केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को अनुसन्धानमा जिल्ला सरकारी वकिलको कार्यालय, काठमाडौंले बुधबार मुद्दा दायर गरेको हो । जिल्ला अदालत, काठमाडौंमा दर्ता गरिएको मुद्दामा तीन जनालाई पाँच वर्ष कैद सजाय माग गरिएको छ ।

**प्रमुख प्रशासकीय अधिकृतसहित ६ जनाविरुद्ध मुद्दा**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले प्रमुख प्रशासकीय अधिकृतसहित ६ जना विरुद्ध भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

आयोगले बुधबार बझाङ जिल्लाको बित्थडचिर गाउँपालिका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत चक्रदेव भट्ट, सबइन्जिनियर गणेश राज उपाध्याय, लेखापाल हर्क देव जोशी, बित्थड खेल मैदान निर्माण तथा सुधार उपभोक्ता समितिका अध्यक्ष दिपेन्द्र बहादुर बोहरा, सचिव विर बहादुर बोहरा र कोषाध्यक्ष निलम भण्डारी विरुद्ध मुद्दा दायर गरेको हो ।

अख्तियारले १४ लाख ६६ हजार बढी मागदाबी गर्दै मुद्धा दायर गरेको हो । उनीहरु विरुद्ध खेल मैदान निर्माणमा कमसल निर्माण सामग्री प्रयोग गरेको, डिपीआर नगरी निर्माण गरेको लगायतका आरोप छ ।

## राष्ट्रिय सभा निर्वाचनको

# मतदानस्थल तथा केन्द्र निर्धारण



**काठमाडौं/मस–** निर्वाचन आयोग नेपालले आगामी माघ ११ गते हुने राष्ट्रियसभा सदस्य निर्वाचनका लागि मतदानस्थल र मतदान केन्द्र तोकेको छ । आयोगले बुधबार सातवटै प्रदेशका लागि मतदानस्थल निर्धारण गरिएको सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।

उनले भने, 'आयोगले सातवटै प्रदेशको राजधानी रहेका जिल्लामा मतदानस्थल रहनेगरी स्थान तोकिसकेको छ, तोकिएका मतदानस्थलमा दुई-दुई वटा मतदान केन्द्र रहने व्यवस्था मिलाइएको छ ।'

जसमा निर्वाचनमा प्रदेशसभाका सदस्य, गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुख रहेको निर्वाचन मण्डलले मतदान गर्ने व्यवस्था रहेको छ भने मतदान केन्द्र 'क' प्रदेशसभाका सदस्यका लागि र मतदान केन्द्र 'ख' गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि तोकिएको छ ।

आयोगद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'कोशी प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, विराटनगर मोरङ, मधेस प्रदेशको महेन्द्र नारायण निधि मिथिला संस्कृति केन्द्र, जनकपुर उपमहानगरपालिका वडा ४ धनुषा, बागमती प्रदेशको भुटनदेवी माध्यमिक विद्यालय, हेटौंडा उपमहानगरपालिका-४ मकवानपुर, गण्डकी प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, पोखरा कास्कीमा प्रदेशको मतदान केन्द्र तोनिएको छ ।'

त्यसैगरी, आयोगले लुम्बिनी प्रदेशको कर्मचारी मिलन केन्द्र, घोराही, दाङ, कर्णाली प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, वीरेन्द्रनगर, सुर्खेत र सुदूरपश्चिम प्रदेशको प्रदेश निर्वाचन कार्यालय परिसर, धनगढी, कैलालीमा तोकिएको छ ।

### ज्यालामा...

पाँच सय रुपैयाँ पाउँथे । हिजोआज आफूजस्तै काम गर्ने पुरुष श्रमिकहरूले ८ सय रुपैयाँ पाउने गरेको उनी बताउँछिन् । 'मैले बालुवा चाल्ने, सिमेन्ट, गिट्टी बालुवा घोल्ने काम गर्छु ५ सय रुपैयाँ पाउँछु, त्यही काम गर्दा पुरुषले ८ सय रुपैयाँसमेत पाउने गरेका छन्,' गाहाले भनिन्, 'उही काम गरेको ज्याला भने फरक किन ?'

१२ वर्षको अवधिमा महँगी कहाँ पुग्यो तर श्रमिक महिलाहरूको ज्याला बढेको छैन । त्यसैले उनले साहु, ठेकदारसँग समान पारिश्रमिकका लागि आवाज उठाइन् तर कसैले सुनेनन् । उल्टै काम नपाइएला भन्ने डर भयो । समान ज्याला पाउनुपर्ने माग लिएर उनी काठमाडौं आएकी छन् पाँच दिनको ज्यालादारी कामको माया मारेर ।

पर्साकी अमिना खातुन अनौपचारिक क्षेत्रमा काम गर्न थालेको १८ वर्ष भयो । उनी अनौपचारिक कृषि क्षेत्रकी श्रमिक हुन् । उनी झिसमिसे बिहानदेखि गोधूँली साँझसम्म खेतबारीमै काम काम गर्छिन् । उनले काम सुरु गर्दा भने ज्यालाबापत केही अन्नबाली पाउँथिन् । आजभोलि उनी दिनको ३ सय त कहिले ४ सय रुपैयाँसम्म पाउँछिन् ।

उनी भन्छिन्, 'काम दिनभर नै गर्नुपर्छ तर कामबाट आएको पैसाले साँझ बिहानको छाक टार्न गाह्रो हुन्छ ।' अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक महिलालाई न्यूनतम पारिश्रमिक ऐन तोकिनुपर्ने उनको माग छ । कृषि क्षेत्रका श्रमिक महिला दैनिक रूपमा पुरुषभन्दा झन्डै १० प्रतिशत कम ज्याला पाउने गरेको उनी बताउँछिन् । उनको माग पनि न्यूनतम पारिश्रमिक र समान ज्याला तोकिनुपर्ने माग छ ।

पार्की, गाहा, खातुनजस्तै लाखौं हजारौं महिला छन् । जो अनौपचारिक श्रम गरिरहेका छन् । कृषि, इट्टा भट्टा, निर्माण, होटललगायतमा काम गर्दै आएका छन् । उनीहरूले पुरुषसरह समान ज्याला, सुरक्षा सामग्री पाउँदैनन् । अनि कार्यस्थलमै यौन दुर्व्यवहारको सिकार भइरहेका छन् ।

यिनै समस्या लिएर केहीअघि उनीहरु काठमाडौं पनि आए । सिराहा, महोत्तरी, बारा, पर्सा, मकवानपुर, चितवन, धादिङ, काठमाडौं, पाल्पा, कपिलवस्तु, बर्दिया, डडेलधुरा, डोटीका श्रमिक महिलाहरु राष्ट्रिय महिला आयोग पुगेर आफ्ना दुःख सुनाए । उनीहरुको मुख्य माग अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई स्थानीय तहमा सूचीकृत गर्नुपर्ने र संघीय श्रम ऐनअनुसारको न्यूनतम र न्यायपूर्ण ज्याला सुनिश्चित गर्नुपर्ने छ । कार्यस्थलमा न्यूनतम सुरक्षा सामग्रीसहित सुरक्षित कार्यस्थलको सुनिश्तिताको माग पनि उनीहरूले राखेका छन् । दुर्घटना बिमा र स्वास्थ्य बिमा सुनिश्चितालगायतका माग उनीहरू राखेका छन् ।

लेबर फोर्स सर्वे २०१७/१८ अनुसार नेपालका कुल श्रमिकमध्ये ८४ दशमलव ६ प्रतिशत अनौपचारिक क्षेत्रमा संलग्न छन् । जसमा महिलाको हिस्सा करिब ९० प्रतिशत रहेको छ । यति ठुलो संख्यामा श्रमिक महिला संलग्न भए पनि उनीहरूले न्यून ज्याला पाउने, स्थानीय तहमा दर्ता नहुने, न्यूनतम ज्याला व्यवस्था तथा सामाजिक सुरक्षाबाट वञ्चित हुने अवस्था बेहोर्दै आएका छन् ।

श्रमिक महिला आमाहरूले बाल हेरचाहको सुविधा पाएका छैनन् । कार्यस्थलमा सरसफाइ तथा शौचालयको अभाव छ । महिनावारीका समयमा सुरक्षित शौचालय र पानीको सुविधा नहुँदा झनै कठिनाइ भोग्नुपरेको अध्ययनको निष्कर्ष छ ।

लैंगिक आधारमा हुने ज्याला विभेद अझै पनि गम्भीर समस्या रहेको अध्ययनले औंल्याएको छ । कृषि क्षेत्रमा काम गर्ने श्रमिक महिलाहरूले समान कामका लागि पुरुषभन्दा निकै कम ज्याला पाउने गरेका छन् । फोहोर व्यवस्थापन क्षेत्रमा कार्यरत महिलाहरूले पनि सुरक्षात्मक सामग्रीको अभाव र असमान व्यवहार सहन बाध्य छन् ।

### एमाले...

५० वर्षमुनिका छन् । तर उम्मेदवार भने एक जना मात्र थिइन्, रचना खड्का । 'त्यो उमेर समूहबाट एक्लो म मात्र उम्मेदवार थिएँ,' उनले भनिन् ।

युवाको प्रतिनिधित्व मात्र होइन, एमालेले नेतृत्व तहमा नयाँ नेता पनि खोजेको देखिन्छ । पुराना नेताहरू अष्टलक्ष्मी शाक्य, युवराज ज्ञवाली र केशव बडालले ७० वर्ष कटेको भन्दै सक्रिय राजनीतिबाट बिदा लिए । उनीहरूले पार्टीमा युवा पुस्ता अघि बढाउनुपर्ने सन्देश दिए । त्यस्तै, १०औं महाधिवेशनमा खुम्चिएको आन्तरिक लोकतन्त्रको अभ्यास ११औं महाधिवेशनमा खुलेर भएको छ । 'पार्टीमा राम्रो लोकतान्त्रिक अभ्यास भएको छ,' युवा नेता तिम्सेना भन्छिन्, 'मैले चाहेजस्तो परिवर्तन नहुन सक्छ । तर जति भएको छ राम्रो भइरहेको छ । हाम्रो पक्षमा नतिजा नआए पनि हामी लागिरहन्छौं ।'

अध्यक्षाका प्रत्यासी पोखरेल अब एमालेलाई बदलिएको परिस्थितिअनुरूप पार्टीमा, विचारमा र कार्यसम्पादन शैलीमा पुनः व्यवस्थित गर्नुपर्ने बताए । 'पार्टीमा समयानुकूल सुधार हुँदै जानुपर्छ । सबैभन्दा मुख्य कुरा अब पार्टी विधि पद्धति र सामूहिक नेतृत्वमा चल्नुपर्छ,' उनले भने ।

बन्दसत्रमा ओलीले पार्टीमा महिला, मधेसी, युवा र उत्पीडित वर्गको प्रतिनिधित्व बढेको भन्दै खुसी व्यक्त गरेका थिए । 'यो सुन्दर प्रतिनिधित्व हो,' उनको भनाइ थियो, 'सयौं थुँगा फूलका हामी एउटै माला एमाले, एउटै माला नेपाली राख्न हामीले असाधारण संघर्ष गरेका छौं ।' समुदायबीच फाटो ल्याउन, स्वार्थको रोटी सेक्न र भावना भड्काउन खोजिए पनि एमालेले नदिएको उनको दाबी थियो । त्यसमा एमाले कार्यकर्ताले गर्व गर्नुपर्ने उल्लेख गर्दै उनले भनेका छन्, 'हाम्रो पार्टीप्रति हामीले गर्व गर्नुपर्छ । राष्ट्रियता हामीले सीमानामा मात्र होइन, जनताको मन मनमा जोगाएका छौं ।'

### कुवेतमा...

कुवेतको घरेलु कामदार कानुनअन्तर्गत समेटिएको रोजगारदाताले कामदारको खाना, आवास, चिकित्सा हेरचाहको दायित्व लिनुपर्ने व्यवस्था छ ।

लामो समयदेखि नेपाली महिलाहरूका लागि वैदेशिक रोजगारको मुख्य गन्तव्यको रूपमा रहेको कुवेतमा ६० हजार घरेलु कामदार रहेको अनुमान छ । तर ठुलो संख्यामा महिलाहरूलाई अवैध वा अनौपचारिक माध्यमबाट कुवेत लगिएका कारण आधिकारिक तथ्यांक प्राप्त हुन नसकेको धेरैजसोको भनाइ छ ।

उनीहरूले नेपाली महिला कामदारलाई वैधानिक रूपमा कुवेत जाने बाटो बन्द हुँदा नेपालको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत सरकारी कर्मचारी र मुलतः बिचौलियाहरूलाई फाइदै फाइदा भएको र हेरचाह तथा संरक्षण गर्नु नपर्दा नेपाली दूतावासका कर्मचारीलाई कार्यबोझ कम भएकाले उनीहरू पनि वैधानिक बाटो नखुलेको अवस्थामा नै आनन्द मानिरहेको कतिपयको टिप्पणी छ । अवैधानिक रूपमा कुवेत पुगेका नेपाली महिला शारीरिक तथा मानसिक शोषण, न्यून तलबबाट पीडित छन् भने सञ्चार र कानुनी सुरक्षाबाट प्रायः वञ्चित रहेका छन् । उनीहरू विभिन्न बहानामा पारिश्रमिक कट्टा गरिने त्रासमा पनि देखिन्छन् ।

नेपाल सरकारले लगाएको प्रतिबन्धलाई खारेज गर्न नेपालमा भएका पहलहरूले सार्थकता पाउन सकेका छैनन् । यसअघिको सरकारले खाडी मुलुकमा घरेलु कामदारको श्रम स्वीकृति खोल्ने र पाइलट प्रोजेक्टको नाममा युएईबाट श्रम स्वीकृति खोल्ने विषयमा छलफल चलाएको भएपनि त्यो मौसमी गफमा नै सीमित भएको छ । नेपालबाट भिजिट भिसाको प्रयोग गरेर सुरुवातमा युएई वा अन्य मुलुक पुर्‍याउने, त्यसपछि एजेन्टहरूले घरेलु कामदारको रूपमा कुवेतमा वैधानिक इजाजत प्राप्त म्यानपावर कम्पनीहरूसमक्ष पुर्‍याउने गरेको देखिएको छ । हाल नेपाली दूतावासमा दैनिक कम्तीमा ५ जना नेपाली महिला आश्रय खोज्दै आउने गरेका छन् । उनीहरू आवश्यक कागजातविहीन अवस्थामा शारीरिक तथा मानसिक रूपमा थकित र पीडित अवस्थामा हुने गरेका छन् । कतिपयले यसलाई मानव बेचबिखनको वर्गमा राखेर कडा कारबाही गर्नुपर्ने मागसमेत गरेका छन् ।

**कहिलेदेखि नेपाली कुवेत आए ?**

नेपाली कामदारहरू करिब ४५ वर्ष अगाडि सन् १९८० को दशकदेखि कुवेतमा काम गर्दै आएका छन् । दुई देशहरूबीच औपचारिक कूटनीतिक सम्बन्ध सन् १९७२ मा स्थापित भएको थियो । पहिलो पटक नेपालीहरू थोरै संख्यामा कुवेत आएको र सन् १९९० पछि नेपाली कामदारहरू श्रम अनुमतिपत्र लिएर उल्लेखनीय संख्यामा कानुनी रूपमा कुवेतमा आउन थालेका हुन् । सन् २००० पछि नेपाली कामदारहरू ठुलो संख्यामा कुवेत आएको अनुभवीहरूको भनाइ छ ।

हाल मासिक २ हजार ८ सय देखि ३ हजारको हाराहारीमा नेपाली कामदार कुवेत आउने गरेका छन् । वैदेशिक रोजगार विभागका अनुसार गत वर्ष ३३ हजार ६ सय ६० जना नेपाली कामदार वैदेशिक रोजगारीका लागि कुवेत आएका थिए । त्यसमा पुरुष कामदारको संख्या २७ हजार ९ सय ८१ र महिला कामदारको संख्या ५ हजार ६ सय ७९ रहेको छ ।

कुवेतमा हाल वैधानिक अवस्थामा काम गरेका १ लाख बढी नेपाली छन् । जसमध्ये धेरै कन्सट्रक्सन, घरेलु काम, रेस्टुरेन्ट, होटल, सौन्दर्य, सुरक्षा र सफाइ सेवाहरू जस्ता क्षेत्रहरूमा कार्यरत छन् ।

**नेपाली कामदारका लागि भविष्यको सम्भावना**

कुवेतमा ठुलाठुला परियोजना सञ्चालनका क्रममा रहेका छन् । ती परियोजना सम्पन्न गर्न ठुलो संख्यामा विदेशी कामदारको आवश्यकता रहेको छ । कुवेतले दक्षिण एसियाका नेपालीसहित भारत, बंगलादेश, पाकिस्तान, श्रीलंका, फिलिपिन्स, इन्डोनेसिया, इजिप्ट, इथियोपिया, केन्या, सुडान, सिरिया, जोर्डन, लेबनानलगायतका मुलुकबाट कामदार ल्याउने गरेको छ । तर नेपालबाहेक अन्य मुलुकबाट लैजाने कामदारको कोटा सकिन लागेको र नेपालको कोटा ठुलै संख्यामा रहेका कारण भविष्यमा ठुलो संख्यामा नेपाली कामदार कुवेत आउन सक्ने नेपाली दूतावास स्रोत र कुवेतको रोजगारीलाई मुख्य व्यवसाय बनाएका नेपाली व्यवसायीहरूको भनाइ छ ।

**मागपत्र प्रमाणीकरण तीन चरणमा**

कुवेतस्थित नेपाली दूतावासले नेपाली कामदार भित्र्याउन रोजगारदाताबाट प्रमाणीकरणका लागि प्राप्त मागपत्रलाई तीन तहमा राखेर प्रमाणीकरण गरिरहेको बताएको छ । कुवेतका लागि नेपाली राजदूत घनश्याम लम्सालका अनुसार मागपत्र प्रमाणीकरणअघि मागलाई विश्वसनीय बनाउन सम्बन्धित कम्पनीको अनुगमन र निरीक्षण गर्ने गरिएको छ ।

नियमानुसार प्राप्त मागपत्रहरू सुरुमा दूतावासका नायव सुब्बाले रुजु गर्ने, त्यपछि श्रम सहचारीले हेर्ने र अन्त्यमा ९९ जनासम्म कामदारको माग दूतावासका काउन्सेलर र ९९ जनाभन्दा बढी कामदारको माग राजदूतबाटै प्रमाणीकरण गर्ने कार्यविधि बमाइएको छ । दूतावासले मागपत्रको आवेदन आएपछि आवश्यक कागजात प्राप्त भएको अवस्थामा कुनै मोलाहिजा नगरी छिटोछिटो प्रमाणीकरण गर्ने गरेको, तर विगतमा केही नक्कली कागजात पेस भएपछि सतर्कता अपनाउने गरिएको दूतावासको भनाइ छ । विगतमा कतिपयले दूतावासको नक्कली छाप र लेटरप्याड नै प्रयोग गरेको पनि देखिएपछि कडाइ गर्नुपरेको राजदूत लम्सालले यस प्रतिनिधिलाई बताए । सरकारले कुवेतका लागि बेसिक तलब ७५ केडी तोकेको भए पनि कुवेतको महँगीलगायतलाई मध्यनजर गरी दूतावासले बेसिक ८५ केडी र खाना बापत थप २० केडी नभएको मागपत्र प्रमाणीकरण नगर्ने नीति लिएको पनि राजदूत लम्सालको भनाइ छ ।

**अनुशासन र मादक पदार्थ**

कुवेतमा नेपालीको संख्यामा वृद्धिसँगै स्थानीय धर्म संस्कृति र परम्पराको उल्लंघनका गतिविधि पनि उल्लेख्य बढेका छन् । अवैधानिक हैसियतमा रहेकाहरू कुवेती कानुनले प्रतिबन्ध लगाएका मादक पदार्थको अवैध उत्पादन, बिक्री, वितरणमा नेपालीहरूको संलग्नता पटकपटक भेटिएको छ । नेपाली कामदारले स्वतन्त्रताको दुरुपयोग हुने गरी हद नाघेका घटना केही समयअघि कुवेतमा पनि देखिएको थियो । कुवेतमा भएको विषाक्त मदिराको अवैध उत्पादन र बिक्रीमा १६ नेपालीसहित २३ जनाको मृत्यु र १ सय ६० जना घाइते भएका थिए । कुवेती सञ्चारमाध्यमहरूले अवैध मदिरा कारोबारका मुख्य कारोबारी मानिएका नेपालीसहित ४ जनालाई मृत्युदण्डको सजाय हुनसक्ने आँकलन रहेको उल्लेख गरेका छन् । कुवेतको गृह मन्त्रालयले विषाक्त मदिरा सेवनपछि उपचारार्थ अस्पतालमा भर्ना भएका सबै विदेशीलाई उपचारपछि देश निकाला गर्ने बताएको छ । देश निकालामा पर्नेमा कम्तीमा ३५ नेपाली कामदार रहेको बताइएको छ । यसले पनि नेपाली कामदार नैतिक आचरणको कसीमा दरिलो बन्नुपर्ने देखाएको छ ।

**साँघुरो दूतावास र कार्यव्यस्तता**

करिब १३ वर्ष अगाडिदेखि कुवेतको जाप्रियामा रहेको नेपाली दूतावास निकै साँघुरो अवस्थामा रहेको छ । दूतावासमा रहेका कोठाहरू साना र साँघुरा छन् । कोठाहरू साँघुरा हुँदा दूतावास आउने नेपाली पीडित कामदारहरू, आवश्यक कागजातका लागि आउने कामदारहरू र व्यवसायीहरूको भिडले अटसमटस हुने अवस्था रहेको छ ।

दूतावासको मूल गेटमै अनुमति लिएर प्रवेश गर्ने व्यवस्था मिलाइएको छ । दूतावासका राजदूत र कर्मचारीहरूलाई भेट्न असहज भने छैन । दूतावासको बेसमेन्टमा सेल्टर बनाइएको छ । जहाँ दैनिक उद्धारका लागि आएका ५ देखि १० जना नेपाली महिला कामदारलाई सुरक्षित साथ राख्ने गरिएको श्रम सहचारी जनार्दन गौतमले मध्यान्ह दैनिकलाई बताए ।

दूतावासको कम्पाउन्डभित्र कुवेती प्रहरी प्रशासनको नियन्त्रण नहुने भएकाले नेपालीहरू दूतावासलाई सुरक्षित स्थलका रूपमा लिन्छन् । यहाँस्थित दूतावासमा कार्यरत कर्मचारीहरू प्रायः व्यस्त नै रहने गरेका छन् । दैनिक आएका पीडित कामदारहरूको उद्धार तथा राहतका लागि उनीहरू खटिने गरेका छन् ।

पीडितहरूले आफ्ना समस्या देखाउने, उनीहरूको गुनासो सुन्ने र उद्धार तथा राहतका काम गर्नका लागि दिउँसो २ बजेसम्मको समय मिलाइएको छ । जसका कारण दूतावासका सम्बन्धित कर्मचारीहरू व्यस्त रहने गरेका छन् । भिड धेरै भएको समयमा भने कर्मचारीहरू अस्तव्यस्तसमेत हुने गरेका छन् ।

दूतावाका कोठाहरू साँघुरो भएका कारण सेवा प्रवाहमा असहज भएपछि दूतावास सर्ने योजना पनि रहेको थियो । दूतावास र वरपर दिनहुँ हुने भिडभाडले स्थानीयहरूलाई व्यवधान भएको र स्थानीयहरूले गुनासो गरेको पाइएको छ । तर नयाँ भवन लिनका लागि अहिलेको भाडादर भन्दा झन्डै दोब्बर पर्ने भएकाले दूतावास सर्ने काम हाललाई असम्भवप्रायः रहेको राजदूत भुसालले बताए ।

कतिपय व्यवसायीहरूले आफ्ना मागपत्र प्रमाणीकरणमा निकै ढिला हुने गरेको पनि गुनासो गरेका छन् । यता दूतावासका द्वितीय सचिव एवं सूचना अधिकारी शिव बानियाले पीडित महिला कामदारहरूको गुनासो सुनुवाइ, उद्धार तथा राहतका काम दूतावासको पहिलो प्राथमिकतामा रहेको मध्यान्ह दैनिकसँग बताए ।

काउन्सेलर सुजनी रानाले पनि दूतावासको बढी समय पीडित महिलाहरूको गुनासो सुन्ने र उनीहरूको उद्धारमै लाग्ने गरेको मध्यान्ह दैनिकलाई बताइन् ।

**शोषण र श्रम अधिकारका मुद्दा**

खाडी मुलुक कुवेतमा कामदारका अधिकार उल्लंघनका धेरै रिपोर्टहरू पनि आउने गरेका छन् । महिनौंसम्म तलब नदिएको, रोजगारदाताहरूद्वारा राहदानी जफत गरिएको, कामदारहरूलाई देश छोड्नबाट रोकेको, खराब बासस्थान, आधारभूत सुविधाहरूको अभाव र कहिलेकाहीँ अपर्याप्त खानापानीका कारण कामदारहरू अलपत्र पर्ने र घर फर्कन असमर्थ हुनेजस्ता मुख्य समस्या देखिएका छन् । कागजात नभएका केही नेपाली कामदारहरू भिसा रद्द वा मानव बेचबिखनका कारणले गर्दा कागजात बिना लामो समय बस्नुपर्ने अवस्था देखिएको छ ।

कुवेतमा हालैका दिन नयाँ एक्जिट परमिट नियम लागू भएको छ । सन् २०२५ को जुन महिनादेखि लागू भएको सो नियमले कुवेतका सबै निजी क्षेत्रका विदेशी कामदारहरूलाई देश छोड्नु अघि, अस्थायी यात्राका लागि वा स्थायी रूपमा घर फर्कनका लागि पनि रोजगारदाताको अनुमति लिन आवश्यक बनाएको छ । कुवेतले साहेल र अश्ल प्लेटफर्म डिजिटल प्रणालीहरू प्रयोगमा ल्याएको छ । जागिर परिवर्तन गर्न कामदारले यी प्लेटफर्ममार्फत आवेदन दिनुपर्छ । यसले रोजगारदाताहरूलाई बलियो बनाउने भन्दै कतिपय क्षेत्रबाट आलोचना भएपनि कुवेतले यी प्रणाली परिवर्तनको संकेत दिएको छैन ।

### संसद...

प्रतिनिधि सभा पुनर्स्थापनाको माग गर्दै परेको रिटमा सुनुवाइ हुँदै गर्दा सिंहदरबारस्थित कांग्रेस संसदीय दलको कार्यालयमा विघटित प्रतिनिधि सभाका सांसदहरू हस्ताक्षर गरिररहेका थिए । जसमा डा. शेखर कोइराला पक्षका निवर्तमान सांसद समेत रहेका छन् ।

बुधबार विराटनगरमा पत्रकारहरूसँग कुरा गर्दै डा. शेखर कोइरालाले सरकारले निर्वाचनको वातावरण बनाउन नसकेको टिप्पणी गरेका थिए । उनले भनेका छन्, 'तोकिएको समयमा निर्वाचन नभए प्रतिनिधि सभा पुनर्स्थापनाको सम्भावना बलियो हुनेछ ।'

विघटित प्रतिनिधि सभामा कांग्रेसका ८८ जना सांसद थिए । एमालेका ७९ जना छन् । दुवै दलका सबै सांसद तयार हुँदा १ सय ६७ सांसद पुग्छ । सबै तयार नभए तापनि १ सय ३८ पुर्‍याउन सके बहुमत सांसद प्रतिनिधि सभा पुनर्स्थापनाको पक्षमा रहेको देखाउने र अदालतमाथि दबाब बढाउने रणनीतिमा एमाले र कांग्रेसको संस्थापन छ ।

यसअघि एमालेले पनि प्रतिनिधि सभा पुनर्स्थापनाको मागका लागि हस्ताक्षर संकलन गरेको छ । जसमा प्रत्येकका लागि छुट्टाछुट्टै पृष्ठमा हस्ताक्षर र दायाँबायाँ औंठाछाप गराइएको छ ।

एमालेले पनि यसअघि नै प्रतिनिधि सभा विघटनविरुद्ध सर्वोच्च अदालतमा मुद्दा लागिसकेको छ । एमालेका तर्फबाट विघटित प्रतिनिधि सभाका प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले सर्वोच्च अदालतमा रिट दर्ता गरेका छन् ।

प्रतिनिधि सभा विघटन हुनुअगाडि यी दुवै दल सरकारमा थिए । एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार थियो भने कांग्रेस प्रमुख सत्तारूढ दल थियो । २३ र २४ मा जेनजी आन्दोलन भएको थियो । आन्दोलनका क्रममा केपी शर्मा ओली प्रधानमन्त्री पदबाट राजीनामा दिन बाध्य भएका थिए । त्यसपछि प्रतिनिधि सभाबाटै सरकार बन्न सकेन । २७ भदौमा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार बन्यो । अन्तरिम सरकारको सिफारिसमा सोही दिन प्रतिनिधि सभा विघटन भएर आगामी २१ दिनका प्रतिनिधि सभाको नयाँ चुनावको मिति तोकिएको छ ।

सरकार चुनावको तयारीमा अगाडि बढिरहेका बेला विघटित प्रतिनिधि सभाका दुई ठुला दल कांग्रेस र एमाले विघटित प्रतिनिधि सभा ब्युँताउन सक्रिय भएका हुन् ।

# जेनजी आन्दोलन जाँचबुझ आयोगको म्याद एक महिना थपिने



**काठमाडौं/मस–** सरकारले जेनजी आन्दोलन जाँचबुझ आयोगको म्याद एक महिना थप गर्ने भएको छ ।

प्रधानमन्त्री सुशीला कार्कीले सो आयोगका अध्यक्ष गौरीबहादुर कार्कीसहितका आयोगका पदाधिकारीहरुसँगको भेटमा आयोगको म्याद थप गर्ने बताइन् । आफूहरुको मागअनुसार प्रधानमन्त्री कार्कीले आयोगको म्याद थप गर्ने बताउनुभएको आयोगका अध्यक्ष कार्कीले जानकारी दिए ।

प्रधानमन्त्री कार्कीसँग भेट गरी अध्यक्ष कार्कीले काम नसकिएको भन्दै आयोगको म्याद एक महिना थप गर्न आग्रह गरेका थिए । आयोगको उक्त मागअनुसार आयोगको म्याद थप गर्न प्रधानमन्त्री कार्की सहमत हुनुभएको अध्यक्ष कार्कीले बताए ।

उनले भने, 'हाम्रो म्याद सकिन लाग्यो । काम अझै बाँकी छ । हामी प्रधानमन्त्रीसँग त्यही कुराकानी गर्न आएको हौं । एक महिना हामीलाई थप्नुपर्छ । समय पुगेको छैन । के गर्ने भन्दाखेरी २ हप्ता बढी त बिदा नै भयो । प्रहरीले एक महिनासम्म लिष्ट पठाएन । त्यसकारण काम गर्न ढिलाइ भयो । त्यसकारण एक महिना थप्नु पर्‍यो भन्यौ । प्रधानमन्त्रीले प्रस्ताव पठाउनु थपिदिन्छु भन्नुभयो ।'

कार्यादेशअनुसार बाँकी कामलाई पूरा गर्न थप एक महिनाको समय आवश्यक भएकाले प्रधानमन्त्री कार्कीसँग सो विषयमा छलफल गरिएको अध्यक्ष कार्कीले बताए ।

यसैबीच कार्कीले आयोगले अर्को साता राजनीतिक नेतृत्वसँग बयान लिने तयारी गरेको पनि बताए । तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखकलगायतलाई पक्राउ गरी बयान लिनुपर्ने चर्चा भइरहेका बेला प्रधानमन्त्री कार्कीसँग भेट गरी आयोगले अर्को साता राजनीतिक नेतृत्वहरुसँग पनि बयान लिन लागिएको जानकारी गराएको हो । अध्यक्ष कार्कीले अर्को साता आयोगले बाँकी रहेका सबैलाई बयानमा बोलाउने तयारी गरेको बताए । अन्तरिम सरकारले जेनजी आन्दोलनका क्रममा ठुलो धनजनको क्षति भएको भन्दै अनुसन्धान गरी दोषी उपर कारबाही गर्ने कार्यादेशसहित कार्की नेतृत्वको सो उच्चस्तरीय जाँचबुझ आयोग गठन गरेको थियो । आयोगको म्याद यही पुस ९ गते सकिँदैछ ।

# सञ्चारमाध्यमलाई राहत प्याकेज घोषणा गर्न महासंघको आग्रह



**काठमाडौं/मस–** नेपाल पत्रकार महासंघले भदौ २३ र २४ गतेको जेनजी आन्दोलनका क्रममा क्षति भएका सञ्चार माध्यमहरूमा राहत प्याकेज घोषणा गर्न सरकारसँग आग्रह गरेको छ । महासंघले जेनजी आन्दोलनमा भएको क्षतिको विस्तृत विवरण सरकारका प्रवक्ता सञ्चार तथा सुचना प्रविधिमन्त्री जगदीश खरेल र मन्त्रालयका सचिव राधिका अर्याल समक्ष बुझाउँदै उक्त माग गरेको हो ।

महासंघकी अध्यक्ष निर्मला शर्माको नेतृत्वमा गएको महासंघ प्रतिनिधिमण्डलले क्षति पुगेका सञ्चारसंस्था र पत्रकारहरुलाई विशेष राहत प्याकेज घोषणा गर्न माग गरेको छ । सो क्रममा मन्त्री खरेलले क्षति पुगेका सञ्चार संस्थाहरू र निजी सवारी जलेका पत्रकारहरूलाई राहत दिनेबारे सरकार सकारात्मक रहेको बताए ।

महासंघ प्रतिनिधिमण्डलसँगको भेटमा सचिव अर्यालले सञ्चार क्षेत्रमा परेको समस्यामा सरकार र मन्त्रालय गम्भीर रहेको बताइन् ।

महासंघले संकलन गरेको विवरणअनुसार उक्त आन्दोलन र त्यसपछिका घटनाक्रममा देशभरका १९ वटा सञ्चार संस्थाले करिब ५९ करोड ९३ लाख रुपैयाँ बराबरको आर्थिक क्षति व्यहोर्नुपरेको उल्लेख छ ।

यो क्षतिले नेपालको सञ्चार क्षेत्रलाई गहिरो चोट पुर्‍याएको महासंघको निष्कर्ष छ । क्षति पुगेका सञ्चारसंस्थाहरूले नेपाल पत्रकार महासंघलाई उपलब्ध गराएको तथ्यांक अनुसार मिडिया उद्यमी, सञ्चारकर्मी तथा सञ्चारसँग सम्बन्धित कर्मचारी गरी ३८ जनाको व्यक्तिगत सम्पत्ति तथा निजी सवारी साधन आगजनीका कारण पूर्ण रूपमा नष्ट भएको जनाएको छ ।

जसबाट १७ करोड ८४ लाख रुपैयाँ बराबरको व्यक्तिगत क्षति भएको प्रतिवेदनमा उल्लेख छ ।

'घटनाक्रमको प्रत्यक्ष रिपोर्टिङमा खटिएका ५ जना पत्रकार गोलीको छर्रा लागेर घाइते भएका छन् । तीमध्ये केही पत्रकारले उपचार र असुरक्षित अवस्थाका कारण आफ्नो रोजगार ।समेत गुमाउनुपरेको अवस्था छ, जुन अत्यन्तै दुःखद र गम्भीर विषय हो,' महासंघले भनेको छ । 'कान्तिपुर दैनिक र टेलिभिजनले अर्बौं मूल्य तिरेर पनि पुनः प्राप्त गर्न नसकिने महत्वपूर्ण अभिलेख, सामग्री र ऐतिहासिक दस्तावेजहरू सधैंका लागि गुमाएका छन्, जसले प्रेस स्वतन्त्रता र सूचनाको अधिकारमा गम्भीर असर पारेको छ,' महासंघका सचिव रमेश खतिवडाद्वारा जारी विज्ञप्तिमा छ ।

हालसम्म संकलित विवरण अनुसार सञ्चार संस्थाहरू र सञ्चारकर्मीका निजी सम्पत्तिसमेत गरी मुलुकको सञ्चार क्षेत्रले कुल ७७ करोड ७७ लाख रुपैयाँ बराबरको क्षति व्यहोरेको उनले बताए ।

'यस परिस्थितिमा, क्षतिग्रस्त सञ्चारकर्मीका निजी सवारी साधन पुनः खरिदका लागि राहत उपलब्ध गराउन, सरकारले आवश्यक सहजीकरण गर्दै क्षतिपूर्ति प्रदान गर्न, साथै क्षति पुगेका सञ्चार माध्यम तथा निजी सम्पत्ति ध्वस्त भएका पत्रकार तथा सञ्चारसम्बद्ध व्यक्तिहरूका लागि विशेष राहत प्याकेज ल्याउन नेपाल पत्रकार महासंघ नेपाल सरकारसँग जोडदार माग गर्दछ । घाइते पत्रकारका लागि बिशेष राहत ल्याउन माग गर्दछ,' विज्ञप्तिमा छ ।

# प्रतिनिधि सभा विघटनविरुद्ध कांग्रेसको रिटमा कारण देखाऊ आदेश




**काठमाडौं/मस–** प्रतिनिधि सभा विघटनविरुद्ध नेपाली कांग्रेसका निवर्तमान प्रमुख सचेतक श्यामकुमार घिमिरेसहितले दायर गरेको रिटमा प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्च अदालतले कारण देखाऊ आदेश जारी गरेको छ ।

प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत नेतृत्वको पूर्ण इजलासले रिटमाथि सुनुवाइ गर्दै कारण देखाऊ आदेश जारी गरेको हो ।

रिटमा राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्री सुशीला कार्की, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, निर्वाचन आयोग र प्रतिनिधिसभाका सभामुखलाई विपक्षी बनाइएको छ । गत मंसिर २१ गते प्रतिनिधिसभा पुनर्स्थापनाको माग गर्दै कांग्रेसले सर्वोच्च अदालतमा रिट दिएको थियो । संविधानले प्रतिबन्धित गरेको व्यक्तिलाई प्रधानमन्त्री नियुक्त गरी असंवैधानिक व्यक्तिको सिफारिसमा संविधानविपरीत संसद् विघटन गरिएकाले तत्काल पुनर्स्थापनाको माग गर्दै रिट दायर गरिएको थियो ।

# रोजगारीका लागि भारत जानेको लर्को



**कैलाली/मस–** चाडपर्व तथा घरायसी कामका लागि घर फर्केकाहरू पुनः रोजगारीका लागि भारततर्फ लाग्ने क्रम बढेको छ ।

यहाँको त्रिनगर नाका हुँदै दिनहुँ ठुलो संख्यामा नेपालीहरू रोजगारीको लागि भारततर्फ जाने क्रम बढेको हो । उनीहरू चाडपर्वसँगै खेतीपातीको काम सकेर फर्किन थालेका हुन् । त्रिनगरसीमास्थित सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म धनगढीका अनुसार यही एक सातामा तीन हजार ७ सय १ जना नेपाली भारततर्फ लागेका छन् ।

'नेपालमा सहजै रोजगारी पाइँदैन, यदि पाइहाल्यो भने पनि यहाँको कमाइले घरखर्च धान्न पनि धौंधौ पर्दछ,' अछामको रामारोशनका मंगल परियारले भने, 'भारतमा रोजगारी सहजै पाइने र कमाएको पैसा पनि एकमुष्ट देखिने भएकाले धेरैजसो म जस्ता बेरोजगार भारत जाने गरेका छौं ।'

त्यस्तै सोही नाकाबाट मुम्बई तर्फ लागेका चुरे गाउँपालिकाका झलक साउदले पनि आफू घरको सबै काम सकेर फेरि रोजगारीको लागि फकिएको बताए । सुदूरपश्चिम प्रदेशका कैलाली, कञ्चनपुरलगायत पहाडी जिल्लाका सर्वसाधारण मुम्बई, दिल्ली, पिथौरागड, नासिक, पञ्जाब, अहमदाबादलगायतका ठुला सहर जाने गर्छन् ।

# अन्नपूर्ण आधार शिविरमा सञ्चार सुविधा विस्तार गर्न ध्यानाकर्षण



**काठमाडौं/मस–** नयाँ पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास भएको म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा रहेको अन्नपूर्ण आधार शिविरमा सञ्चार सुविधा विस्तारका लागि सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेललाई ज्ञापनपत्र बुझाइएको छ ।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनको नेतृत्वको टोलीले पर्यटक तथा आरोहीको सहजताका लागि समुन्द्री सतहदेखि चार हजार १ सय ५० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरमा चौथो पुस्ताको इन्टरनेश सुविधासहितको मोबाइलको टावर स्थापनाको मागसहितको ज्ञापनपत्र बुझाएको हो ।

सञ्चार सुविधाको अभावमा समस्यामा परेका पदयात्री र आरोहीको उद्दारमा समस्या भएको अन्नपूर्ण आधार शिविर जोड्ने मौरिस हर्जोग पदमार्गका अभियन्ता तेज गुरुङले बताए ।

हुमखोलासम्म मोबाइल फोन सेवा भए पनि आधार शिविर जाने आउने पदयात्री दुईदेखि तीन दिन पूर्ण रूपमा सञ्चार सम्पर्कबाट टाढा हुने गरेका छन् । टोलीसँग सञ्चारमन्त्री खरेलले अन्नपूर्ण आधार शिविरमा सञ्चार सुविधा विस्तारका लागि प्रक्रिया अघि बढाउनका लागि नेपाल टेलिकमका इञ्जिनियर जीवराज उपाध्यायलाई जिम्मेवारी दिएको बताए ।

मन्त्री खरेलले म्याग्दीमा रहेका टेलिकमका सबै टावरको विवरण संकलन गरी सेवा विस्तार र क्षमता वृद्धिका लागि टेलिकमको नेतृत्वलाई निर्देशन दिए ।

गाउँपालिका अध्यक्ष पुन, अभियन्ता गुरुङ, म्याग्दी उद्योग वाणिज्य संघका अध्यक्ष सुवीन श्रेष्ठ, व्यवसायी किरण बानियाँ र नेपाल पत्रकार महासंघ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतमको टोलीले मंगलबार काठमाडौंमा सञ्चारमन्त्रीलाई ज्ञापनपत्र बुझाएर म्याग्दी फर्किएका छन् ।

# आयस्रोतको खोजीमा भूमे गाउँपालिका

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २ पुस



रुकुमपूर्वको भूमे गाउँपालिका केही वर्ष यतादेखि 'सफा, समृद्ध र आत्मनिर्भर भूमे' को लक्ष्यसहित शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार र पर्यटन क्षेत्रको विकासमा तीव्रताको साथ अघि बढिरहेको छ । विकासका आधारभूत कामहरु सम्पन्न हुने क्रमसँगै गाउँपालिकाले आत्मनिर्भर स्थानीय अर्थतन्त्र विकास गरी एउता फड्कोको परिकल्पना गर्दैछ । यसै सन्दर्भमा गाउँपालिकाले वडा नम्बर -१ स्थित लुगुम खोला-विक्याङ क्षेत्रमा जलविद्युत् परियोजनाको लागि सम्भावित क्षेत्रको प्रारम्भिक अध्ययन सुरु गरेको छ ।

गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ, वडाध्यक्ष मनकाजी पुन, राजनीतिक व्यक्तित्व जितमान पुन (मार्सल), पूर्ववडाध्यक्ष रामचन्द्र पुन, युवा नेता चन्द्र रसाइली, स्थानीय बुद्धिजीवी र समाजसेवीसहितको टोलीले बुधबार सो क्षेत्रमा स्थलगत रुपमा उर्जा क्षेत्रको सम्भाव्यता अध्ययन गरेको हो ।

गाउँपालिका अध्यक्ष श्रेष्ठले संघीय र प्रादेशिक वित्तीय हस्तान्तरणहरुको भरमा मात्र नभइ आफ्नै आत्मनिर्भर अर्थतन्त्रको विकास गर्नुपर्ने बताए ।

'हाम्रो गाउँपालिकासँग आफ्नो आन्तरिक स्रोतको प्रचुर सम्भावना छ । त्यसमध्ये उर्जा पनि एक बलियो स्रोत हो ।' गाउँपालिकाभित्रका उर्जा, पर्यटन र खानीका स्रोतहरुको उपयोगको रणनीति लिएर समृद्धीको दिशामा अघि बढ्ने उनले बताए ।

यस्तै वडाध्यक्ष मनकाजी पुनले यस्ता परियोजनाहरु विकास गर्न सकेमा युवालाई स्वदेशमा नै रोजगारीको अवसर प्राप्तिसँगै र स्थानीय अर्थतन्त्र चलायमान हुने बताए ।

राजनीतिक व्यक्तित्व जितमान पुन(मार्सलले) उर्जा परियोजना विकास गर्न सकेमा समुदायको जीवन स्तरको विकासमा टेवा पुर्‍याउने मात्र नभएर सिंगो गाउँपालिकाको आन्तरिक आयस्रोतमा दिगोपना ल्याउने उनले बताए ।

लुगुम-विक्याङ क्षेत्रको जलविद्युत् सम्भाव्यता अध्ययनसँगै भूमे गाउँपालिकाले आत्मनिर्भर अर्थतन्त्र निर्माणतर्फ महत्वपूर्ण पाइला चालेको छ । विकासका नियमित योजनासँगै उर्जा उत्पादन जस्ता रणनीतिक परियोजनाले भूमेलाई आर्थिक रूपमा सक्षम र भविष्यमा उर्जा निर्यात गर्न सक्षम क्षेत्र बनाउने अपेक्षा गरिएको छ ।

# ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २ पुस

उदयपुरमा कर्तव्य ज्यान मुद्दाका एक जना फरार प्रतिवादी पक्राउ परेकी छन् । पक्राउ पर्नेमा कटारी नगरपालिका १० माइती घर भइ विवाह गरी हाल जिल्ला सिन्धुली दुधौली नगरपालिका ७ डम्बर खाडी बस्ने वर्ष ३३ की मञ्जु खत्री कार्की रहेकी छिन् । इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरी टोलीले कटारी नगरपालिका ४ तितिरबोट उनलाई पक्राउ गरेको हो । कार्कीलाई फैसला कार्यान्वयनको लागि उदयपुर जिल्ला अदालत पठाइएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ । उनलाई जिल्ला अदालतको फैसलाले ५ महिना ३ दिन कैद र दश रुपैया जरिवाना तोकिएको थियो ।

# शिक्षकलाई आइइएमआइएस तालिम

**लालबाबु बानिया/मध्यान्ह**
पर्सा, २ पुस

पर्साको धोबिनी गाउँपालिकाको आयोजनामा शिक्षकहरूका लागि एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (आइइएमआइएस) सम्बन्धी तीन दिने तालिम सुरु भएको छ ।

धोबिनी-५ स्थित श्री अजिज मियाँ माध्यमिक विद्यालयमा आयोजित तालिमको उद्घाटन वडा नं. ५ का वडाध्यक्ष मनौवर मियाँले एक कार्यक्रमबीच गरेका हुन् ।

उद्घाटन कार्यक्रममा गाउँपालिका शिक्षा प्रमुख जितेन्द्र प्रसाद चौहान, विद्यालयका प्रधानाध्यापक जितेन्द्र राम, श्री नेरा माध्यमिक विद्यालय भिखमपुरका प्रधानाध्यापक विनय पटेल, श्री कालिप्रसाद माध्यमिक विद्यालयका प्रधानाध्यापक हरिओम पटेलसहित बुनिलाल कुर्मी, मेराजुल अंसारी, किशोरी साह गोढलगायत प्रधानाध्यापक तथा शिक्षकहरूको उपस्थिति रहेको थियो ।

तालिममा प्रशिक्षक जगमोहन प्रसाद रौनियारले आइइएमआइएस प्रणालीसम्बन्धी प्रशिक्षण दिइरहेका छन् । सहायक प्रशिक्षक गोविन्द पटेलका अनुसार गाउँपालिकाभरिका विद्यालयहरूको शैक्षिक सुधारका लागि शिक्षकहरूलाई आइइएमआइएस सम्बन्धी दक्षता अभिवृद्धि गराउने उद्देश्यले तालिम सञ्चालन गरिएको हो ।

गाउँपालिका शिक्षा प्रमुख चौहानले तालिमका क्रममा विद्यालयमा दिवा खाजा कार्यक्रम, विद्यालय सुधार योजना, समयमै परीक्षा सञ्चालन, नयाँ शिक्षण विधि तथा विद्यालय व्यवस्थापन सुधारसम्बन्धी विषयमा समेत सहजीकरण गरिएको जानकारी दिए । तीन दिनसम्म सञ्चालन हुने उक्त तालिममा धोबिनी गाउँपालिकाभरिका १८ वटा विद्यालयका शिक्षकहरू सहभागी रहेका छन् ।

**स्वेडा इन्भेष्टमेण्ट प्रा. लि.**
**का.म.न.पा. वडा नं.०४, बालुवाटार, काठमाडौंको**
**दशौं वार्षिक साधारण सभा २०८२ सम्बन्धी सूचना**
**(प्रथम पटक प्रकाशित मिति : २०८२/०९/०४)**
**आदरणीय शेयरधनी महानुभावहरु,**
स्वेडा इन्भेष्टमेन्ट प्रा.लि.को सञ्चालक समितिको मिति २०८२/०८/१२ मा बसेको सञ्चालक समितिको ११७ औं बैठकको निर्णयानुसार कम्पनीको "दशौं वार्षिक साधारण सभा" निम्न लिखित मिति, समय र स्थानमा हुने व्यहोरा जानकारी गराइन्छ ।
**सभा हुने मिति, समय र स्थान :**
**मिति :** २०८२ साल पुस १२ गते शनिबार ।
**समय :** १५:०० बजे ।
**स्थान :** का.म.न.पा. वडा नं. ०४, कम्पनीको कार्यालय, काठमाडौं ।
**अध्यक्षको आज्ञाले,**

**Province Government**
**Ministry of Physical Infrastructure Development**
**Urban Development and Building Office**
**Bagamati Province**
**Hetauda, Makawanpur**

**Invitation for Bids**
**Notice No: 06/082/83**
**Date of publication: 2082/09/03 (2025-12-18)**

1. Urban Development and Building Office, Hetauda, Makawanpur, Bagamati Province invites electronic bids from eligible and registered bidders for the procurement of following works under NCB.

| S. N. | Contract ID No. | Description of Works | Estimated Amount (NRs.) (Excl. contingencies Incl. of VAT & PS) | Bid Security Amount (NRs.) | Bid Submission Deadline |
|---|---|---|---|---|---|
| 1 | UDBO/MAK/WORKS/NCB/2082/83-14 | Asphalt Concreting and drain works at various road in Rapti Na.Pa. ward no. 5 and 8, Chitwan | 50,09,431.28 | 1,38,000.00 | 2082/10/04 (2026/01/18) 12:00 Noon |
| 2 | UDBO/MAK/WORKS/NCB/2082/83-15 | Drain Construction and Asphalt Concreting works at Bharatpur-03, Chitwan | 19,66,045.71 | 55,000.00 | |
| 3 | UDBO/MAK/WORKS/NCB/2082/83-16 | Road Upgradation from Hetauda Sub-Metropolitan -11 Mahendra Highway to various place of under Pragati Path, Makawanpur | 19,64,680.16 | 55,000.00 | |
| 4 | UDBO/MAK/WORKS/NCB/2082/83-17 | RCC slab works at Nijanda Dham Park Hetauda Sub Metropolitian City Ward No 8, Makawanpur | 51,10,247.06 | 1,50,000.00 | |
| 5 | UDBO/MAK/WORKS/NCB/2082/83-18 | RCC Drain Work at Astha Chowk to North Bharatpur-12, Chitwan | 19,64,944.19 | 55,000.00 | |
| 6 | UDBO/MAK/WORKS/NCB/2082/83-19 | Asphalt Concrete Road Work at Baherigau Khairahani-1, Chitwan | 28,97,946.26 | 72,000.00 | |
| 7 | UDBO/MAK/WORKS/NCB/2082/83-20 | Road Concreting work at Khairahani-10,12, Chitwan | 22,10,483.34 | 56,000.00 | |
| 8. | UDBO/MAK/WORKS/NCB/2082/83-21 | RCC drain work at Darai chowk to North road Khairahani-11, Chitwan | 15,71,294.91 | 39,000.00 | |
| 9. | UDBO/MAK/WORKS/NCB/2082/83-22 | RCC Pavement at Dharampur, Simaltadi Khairahani-13, Chitwan | 28,98,284.20 | 73,000.00 | |

2. Bids must be submitted through PPMO's e-GP system https://www.bolpatra.gov.np/egp . Eligible bidders may obtain further information at Urban Development and Building Office, Makawanpur.

**Office Chief**

मध्यान्ह
www.madhyanhadaily.com

३ पुस २०८२ बिहीबार
18 December 2025 Thursday

# विवेकशील-रास्वपा एकताले दिएको सन्देश

*मुख्यगरी राजनीतिक दलको नेतृत्व पद, शक्ति र स्वार्थको लोभमा फस्दा कुनै पनि सरकारले पूर्ण कार्यकाल काम गर्न पाएनन् । जसको कारण व्यवस्था परिवर्तन भइरहे पनि स्थिरता प्राप्त हुन सकेन ।*

**अग्रलेख**



● दामोदर नेपाल

नेपालको पछिल्लो करिब ३५ वर्षको राजनीतिक इतिहासलाई फर्केर हेर्दा छोटो-छोटो अवधिमा नै देशको राजनीति उथलपुथल हुँदै आएको यथार्थ प्रस्ट देखिन्छ। २०४६ साल चैत २६ गते राति दलमाथिको प्रतिबन्ध फुकुवा भएपछि सार्वभौम नेपाली जनताले राजनीतिक दलमार्फत कार्यकारी नेतृत्व चयन गर्ने अधिकार प्रयोग गर्न थाले । जनउत्तरदायी, संवैधानिक र सक्षम सरकारको परिकल्पना गरियो। २१औं शताब्दीको विश्व परिवेशअनुसार नेपाललाई आधुनिक र समृद्ध राष्ट्रका रूपमा स्थापित गर्ने दायित्व सरकारको काँधमा आयो ।

तत्कालिन समय थाइल्यान्ड, स्विट्जरल्यान्ड, सिंगापुरजस्ता मित्रराष्ट्रहरू विकास र समृद्धितर्फ द्रुत गतिमा अघि बढिरहेका थिए । प्राकृतिक स्रोत-साधनले सम्पन्न नेपाल ती देशहरूसँग पछि पर्नुपर्ने कुनै कारण थिएन । तर यथार्थमा नेपाल अगाडि बढ्न सकेन । उल्टै खाडी मुलुकहरू र मलेसियासमेत नेपालभन्दा अघि देखिन थाले ।

मुख्यगरी राजनीतिक दलको नेतृत्व पद, शक्ति र स्वार्थको लोभमा फस्दा कुनै पनि सरकारले पूर्ण कार्यकाल काम गर्न पाएनन् । जसको कारण व्यवस्था परिवर्तन भए पनि पनि स्थिरता प्राप्त हुन सकेन । २०५१ सालको मध्यावधि निर्वाचनपछि देश सिद्धान्तविहीन राजनीति, अवसरवाद, राजनीतिक अपरिपक्वता, मूल्य-मान्यता र नैतिकताको पतनको चक्रमा फस्यो । इमानदारितामाथि निरन्तर प्रश्न उठ्ने अवस्था बन्यो । स्थिर सरकार नहुँदा नीति, कार्यक्रम र प्रशासनिक संयन्त्र योजनाबद्ध रूपमा चल्न सकेन। व्यवस्थापिका र कार्यपालिका दुवै अस्थिर बने । परिणामस्वरूप जनतामा असन्तुष्टि बढ्दै गयो र देश आन्तरिक द्वन्द्वतर्फ धकेलियो। विकास र समृद्धि कागजमै सीमित रह्यो ।

सत्तामा हुँदा मित्रवत् व्यवहार गर्ने तर सत्ताबाहिर पुगेपछि शत्रुतापूर्ण राजनीति गर्ने प्रवृत्तिले देशले राजनीतिक स्थिरता पाउन सकेन । विधिको शासन, कानुनी राज्य र सु-संस्कृत राजनीतिक अभ्यासको अभावमा सरकारहरू टिक्न सकेनन् । सत्ता लिप्सा, पदलोलुपता र आन्तरिक शक्ति संघर्षका कारण पार्टी टुटफुट भए, अप्राकृतिक गठबन्धन जन्मिए र जनउत्तरदायी सेवक सरकारको अवधारणा कमजोर बन्यो ।

पूर्व राजा ज्ञानेन्द्र शाहले सम्पूर्ण शक्ति आफ्नै हातमा लिएपछि देश ध्रुवीकरणतर्फ गयो । एकातिर कांग्रेस, एमालेसहित संसदवादी सात दल थिए भने अर्कोतिर भूमिगत रूपमा राजनीति गरिरहेको नेकपा (माओवादी) थियो । सक्रिय राजतन्त्रविरुद्ध कसरी एकताबद्ध हुने भन्ने विषयमा राजनीतिक समझदारीको खोजी सुरु भयो । भारतको मध्यस्थतामा कांग्रेस, एमालेसहित सात दल र नेकपा (माओवादी)बिच भएको दिल्ली सम्झौताले राजनीतिक माहौलमा निर्णायक मोड ल्यायो ।

यसको परिणामस्वरूप २०६२/६३ सालमा जनआन्दोलन भयो। जुन जनआन्दोलनकै कारण संसद् पुनर्स्थापना भयो, माओवादी मूलधारको राजनीतिमा आयो र राजतन्त्रको अन्त्य भयो। संघीय, लोकतान्त्रिक र गणतान्त्रिक व्यवस्था स्थापना गरियो। संविधानमार्फत धर्म, भाषा, संस्कृति र पहिचानको सम्मानसहित समावेशी राज्य निर्माणको प्रयास भयो ।

तर फेरि पनि संविधानमा समेटिएका राम्रा प्रावधानहरू व्यवहारमा कार्यान्वयन हुन सकेनन् । पहुँचका आधारमा शासन चल्ने प्रवृत्ति अझै बलियो बन्यो । पार्टीहरू आफ्नै मूल्यमान्यता र दस्तावेजअनुसार चल्न सकेनन्। स्वार्थ केन्द्रित राजनीति हावी भयो। सुशासन कमजोर बन्दा भ्रष्टाचार झनै मौलायो। ठेक्का-पट्टा राजनीतिमा प्रवेश गरेसँगै समग्र राजनीतिक प्रणाली विकृत बन्दै गयो ।



यही निराशाको पृष्ठभूमिमा स्व. उज्ज्वल थापाको नेतृत्वमा विवेकशील नागरिक अभियान सुरु भएको थियो । हत्या, हिंसा, बन्द-हडताल, तोडफोड र रक्तपातबिनै राजनीतिक परिवर्तन सम्भव छ भन्ने विश्वासका साथ 'निलो क्रान्ति'को अवधारणा अघि सारिएको थियो । जसले पारदर्शिता, इमानदारिता, विधि र सेवक सरकारलाई अभियानको मूल दर्शन बनाएको थियो । पुराना दलले गर्न नसकेको काम नयाँ पुस्ताले गर्नुपर्छ भन्ने सन्देशसहित युवाहरूमा नयाँ राजनीतिक चेतना र ऊर्जा पैदा गराएको थियो ।

२०७४ सालको स्थानीय निर्वाचनमा काठमाडौं महानगरपालिकामा रञ्जु दर्शनाको उम्मेदवारीले विवेकशील अभियानको प्रभाव स्पष्ट देखायो । त्यही निर्वाचनमा साझा पार्टीको तर्फबाट किशोर थापा उम्मेदवार बने । मत विभाजनका कारण अपेक्षित परिणाम आएन तर काठमाडौंवासीको स्पष्ट सन्देश थियो– परिवर्तन चाहिन्छ र नयाँ राजनीतिक शक्ति एक हुनुपर्छ । यही सन्देशलाई आत्मसात् गर्दै विवेकशील र साझा पार्टी एकीकरण भए ।

संघीय निर्वाचन २०७४ सालमा विवेकशील साझा पार्टीले उल्लेखनीय मत प्राप्त गर्‍यो र बागमती प्रदेशमा प्रतिनिधित्व गर्न सफल भयो । तर, आन्तरिक मतभेदका कारण पार्टी पुनः विभाजन हुन पुग्यो । पछि पुनः एकता भए पनि नेतृत्वगत अस्थिरता देखियो । जसका बिच स्व. उज्ज्वल थापाको असामयिक निधनले पार्टीलाई ठूलो क्षति पुर्‍यायो । तर वैकल्पिक राजनीतिको मर्म जीवित नै रह्यो ।

> *पद, लोभ र स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई प्राथमिकता दिने हो भने विवेकशील साझा र रास्वपाबीचको एकताले नेपाली राजनीतिमा गुणात्मक परिवर्तन ल्याउन सक्छ । देशलाई इमानदार, सक्षम र सेवक नेतृत्व आवश्यक छ । जुन अपेक्षालाई सम्बोधन गर्न सक्छ ।*

यसैबीच, रवि लामिछानेको नेतृत्वमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) उदय भयो । भ्रष्टाचारमुक्त शासन, सेवक सरकार, उद्यमशील समाज र राजनीतिक शुद्धीकरणका स्पष्ट एजेन्डासहित रास्वपाले छोटो समयमै जनविश्वास आर्जन गर्‍यो । २०७९ को निर्वाचनमा २१ सिट जित्दै रास्वपा राष्ट्रिय राजनीतिमा निर्णायक शक्तिका रूपमा स्थापित भयो।

वैकल्पिक राजनीतिको सपना बोकेका विवेकशील अभियानका धेरै अभियन्ताहरू रास्वपासँग वैचारिक रूपमा नजिक देखिए। समान एजेन्डा र उद्देश्य हुँदाहुँदै फरक-फरक बाटो हिँड्दा पुराना शक्तिलाई फाइदा पुग्ने यथार्थ दुवैले महसुस गरे । त्यसैले विवेकशील साझा पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीबिच एकता समयको माग बनेको हो । पद, लोभ र स्वार्थभन्दा माथि उठेर राष्ट्रिय हितलाई प्राथमिकता दिने हो भने विवेकशील साझा र रास्वपाबिचको एकताले नेपाली राजनीतिमा गुणात्मक परिवर्तन ल्याउन सक्छ। देशलाई इमानदार, सक्षम र सेवक नेतृत्व आवश्यक छ । विवेकशील साझा र रास्वपाको एकताले यही अपेक्षालाई सम्बोधन गर्न सक्छ ।

अब ढिलाइ गर्ने समय छैन। देश र जनताको पक्षमा उभिने वैकल्पिक शक्ति एक ठाउँमा आएर राजनीतिक शुद्धीकरण र सुशासनको बाटो खोल्नुपर्ने बेला आएको छ ।

***(लेखक नेपाल, विवेकशील साझा पार्टीका पूर्वकोषाध्यक्ष हुन् ।)***

## सम्पादकीय

### अन्त्य होस् श्रमिक महिलामाथिको विभेद

**अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक महिलाको श्रम अहिले पनि सस्तो मानिन्छ । समान काम, समान समय र समान जोखिम हुँदाहुँदै उनीहरू पुरुषभन्दा कम ज्यालामा काम गर्न बाध्य छन् । यो अवस्था रहनुमा श्रम बजार मात्र दोषी छैन, सम्बद्ध राज्यका निकायको पनि उत्तिकै कमजोरी छ । संरचना निर्माण, कृषि, इँटा भट्टा, होटलजस्ता क्षेत्रमा पुरुषजत्तिकै संख्यामा महिला पनि संलग्न छन् । कतिपय काममा पुरुषले भन्दा महिलाले राम्ररी गरिरहेका छन् । तर त्यही श्रमलाई सम्मान छैन । अनौपचारिक क्षेत्रमा काम गर्ने हजारौं श्रमिक महिला अहिले पनि सस्तो ज्यालामा जोखिम उठाइरहेका छन् । दशकौंसम्म काम गर्दा पनि न उनीहरूले समान ज्याला पाएका छन् न त सामाजिक सुरक्षा र सुरक्षित कार्यस्थल । पन्जा, जुत्ता वा हेलमेटजस्ता आधारभूत सुरक्षा सामग्रीसमेत धेरै श्रमिकले नपाएको स्थिति छ ।**

**महिला श्रमिकहरू आज पनि पुरुषभन्दा १० देखि ३० प्रतिशतसम्म कम पारिश्रमिक पाउँछन् । महँगी अकासिएको छ तर उनीहरूको ज्याला बढ्दैन । न्यून आम्दानीले बिहान-साँझको छाक टार्नै कठिन भएको छ । कतिपय श्रमिकले कार्यस्थलमै यौन दुर्व्यवहार बेहोर्नुपरेको छ । जसका कारण श्रमिक महिला आर्थिक र मानसिक दोहोरो शोषणमा परिरहेका छन् ।**

**नेपालको संविधान, श्रम ऐन र अन्तर्राष्ट्रिय श्रम मान्यताले समान ज्यालाको अधिकार सुनिश्चित गरेको छ । तर अनौपचारिक क्षेत्र राज्यको नजरमा परेको छैन । न त श्रमिक सूचीकृत छन् । नागरिकको सबैभन्दा नजिकको सरकार मानिएको स्थानीय तहको भूमिका पनि कमजोर छ । नीति छन् तर कार्यान्वयन भएका छैनन् । यही नीतिहीनताले विभेदलाई संस्थागत बनाइरहेको छ ।**

**श्रमिक महिलामाथिको यस्तो शोषण अन्त्य गर्न स्पष्ट निर्णय आवश्यक देखिन्छ । अनौपचारिक श्रमिकलाई श्रम ऐनको दायरामा ल्याउनुपर्छ । श्रमिक महिलामाथिको विभेद सामाजिक अन्याय पनि हो । श्रमलाई कामका आधारमा मूल्यांकन हुनुपर्छ, न कि लिंगका आधार । श्रमको सम्मानजनक मूल्यबिना समावेशी समाज सम्भव छैन । स्थानीय तहमा श्रमिक दर्ता अनिवार्य हुनुपर्छ । न्यूनतम र समान पारिश्रमिक कडाइका साथ लागू गर्नुपर्छ । कार्यस्थलमा सुरक्षा सामग्री, दुर्घटना बिमा र स्वास्थ्य बिमा सुनिश्चित गरिनुपर्छ । यौनलगायत महिलामाथि हुने सबैखाले दुर्व्यवहारका घटनामा शून्य सहनशीलता अपनाउनुपर्छ ।**

## इतिहासमा आज

१८ डिसेम्बर २०१७ मा ओलम्पिया, वासिंगटन नजिकै संयुक्त राज्य अमेरिकाको वाशिंगटन शहर डुपोन्ट नजिकै एमट्र्याक क्यास्केड्स यात्रुवाहक रेल ५०१ पटरीबाट खस्दा ६ जनाको मृत्यु भएको थियो भने ७० जना घाइते भएका थिए ।



१८ डिसेम्बर २०१८ मा बेरिङ सागरमा १९४५ मा हिरोसिमालाई ध्वस्त पार्ने आणविक बमभन्दा १० गुणा बढी शक्ति भएको उल्का विस्फोट भएको थियो ।



१८ डिसेम्बर २०१९ मा संयुक्त राज्य अमेरिकाको संसदले पहिलोपटक डोनाल्ड ट्रम्पलाई महाभियोग लगाएको थियो ।



१८ डिसेम्बर २०२२ मा अतिरिक्त समयपछि ३-३ को बराबरीमा पेनाल्टीमा उपाधि विजेता फ्रान्सलाई ४-२ ले पराजित गर्दै अर्जेन्टिनाले फिफा विश्वकप फाइनलमा जितेको थियो ।



# आइसिसी एकताको अर्थ

**विचार**



● रमेश भट्ट

> *एउटै देशमा एकभन्दा बढी एनसिसी गठन हुनु, नेतृत्वमाथि प्रश्न उठ्नु र आन्तरिक विवाद लम्बिनुले आइसिसीको कार्यक्षमता र विश्वसनीयतामा प्रत्यक्ष असर पारेको छ । यस्तो अवस्थामा बनेको आइसिसीले सम्पूर्ण गैरआवासीय नेपालीहरूको साझा प्रतिनिधित्व गर्न सक्दैन भन्ने धारणा बलियो हुँदै गएको छ ।*

गैरआवासीय नेपाली संघ (एनआरएनए) विश्वभर फैलिएका नेपालीहरूलाई एउटै साझा मञ्चमा संगठित गर्ने साझा सामाजिक संस्था हो । संगठित भएका र नभएकाहरूको पनि हक-हितको संरक्षण, नेपाली पहिचानको प्रवर्धन तथा नेपाल र प्रवासबिच सेतुको भूमिका निर्वाह गर्ने उद्देश्यले एनआरएनको स्थापना भएको हो। यस संस्थाको संगठनात्मक संरचना तल्लो तहदेखि माथिल्लो तहसम्म प्रतिनिधिमूलक प्रणालीमा आधारित छ। यही संरचनाको सन्दर्भमा हेर्दा राष्ट्रिय समन्वय परिषद् (एनसिसी) र अन्तर्राष्ट्रिय समन्वय परिषद् (आइसिसी)बिचको सम्बन्ध अत्यन्तै संवेदनशील र परस्पर देखिन्छ ।

एनआरएनएको वास्तविक शक्ति र आधार एनसिसीहरू नै हुन् । एनसिसीहरू ती संरचनात्मक इकाई हुन्, जहाँ गैरआवासीय नेपालीहरू प्रत्यक्ष रूपमा जोडिन्छन्, संगठित हुन्छन् र आफ्ना सरोकार, समस्या तथा अपेक्षाहरू व्यक्त गर्छन् । सदस्यता वितरण, स्थानीय कार्यक्रम सञ्चालन, सामाजिक तथा संस्थागत गतिविधिहरू एनसिसीकै माध्यमबाट अघि बढ्छन् । त्यसैले एनसिसीहरू बिना एनआरएनएको अस्तित्व केवल औपचारिक संरचनामा सीमित हुन्छ भन्दा अत्युक्ति हुँदैन ।

आइसिसी भने एनसिसीहरूको सामूहिक प्रतिनिधि निकाय हो । एनसिसीहरूबाट निर्वाचित वा मनोनीत प्रतिनिधिहरूको सहभागिताबाट बनेको आइसिसीले विश्वव्यापी स्तरमा गैरआवासीय नेपालीहरूको आवाज उठाउने जिम्मेवारी वहन गर्दछ। नेपाल सरकारसँगको संवाद, नीतिगत पहल, लगानी, नागरिकता तथा प्रवासी अधिकारका विषयमा आइसिसीले भूमिका खेल्छ, तर आइसिसीको वैधानिकता र प्रभावकारिता एनसिसीहरूको विश्वास र एकतामा आधारित हुन्छ ।

हालका वर्षहरूमा विभिन्न देशमा एनसिसी तहमा देखिएको विभाजनले संस्थालाई गम्भीर चुनौतीतर्फ धकेलेको यथार्थ नकार्न सकिँदैन । एउटै देशमा एकभन्दा बढी एनसिसी गठन हुनु, नेतृत्वमाथि प्रश्न उठ्नु र आन्तरिक विवाद लम्बिनुले आइसिसीको कार्यक्षमता र विश्वसनीयतामा प्रत्यक्ष असर पारेको छ । यस्तो अवस्थामा बनेको आइसिसीले सम्पूर्ण गैरआवासीय नेपालीहरूको साझा प्रतिनिधित्व गर्न सक्दैन भन्ने धारणा बलियो हुँदै गएको छ ।

कतिपय अवस्थामा आइसिसी तहमा देखिने एकता व्यवहारिक रूपमा एनसिसीको तहसम्म पुग्न सकेको देखिँदैन । माथिल्लो तहको औपचारिक सहमति तल्लो तहको असन्तुष्टि र विभाजन समाधान नगरी दिगो हुन सक्दैन । संस्था भनेको भवन जस्तै हो, आधार कमजोर भए संरचना जति आकर्षक देखिए पनि दीर्घकालीन रूपमा टिक्न सक्दैन । गैरआवासीय नेपाली संघलाई वास्तवमै एकताबद्ध, प्रभावकारी र विश्वसनीय बनाउन पहिलो आवश्यकता एनसिसीहरूको एकता हो । प्रत्येक देशमा समावेशी, पारदर्शी र वैधानिक एक एनसिसी स्थापना र सञ्चालन हुनु आजको आवश्यकता हो । एनसिसीहरूबीच आपसी सहकार्य, संवाद र संस्थागत मूल्यप्रतिको प्रतिबद्धताबाट मात्रै सशक्त आइसिसी निर्माण सम्भव छ ।

मेरुदण्ड भाँचेर टाउको निरोगी छ भन्नु छेपारोले घर बनाउँछु भने जस्तै हो । एनसिसीहरूको एकता बिना आइसिसीको एकता केवल औपचारिक घोषणा मात्र ठहरिन सक्छ। वास्तविक एकता भनेको केन्द्रमा देखिने सहमतिभन्दा पनि आधार तहमा अनुभूत हुने विश्वास, सहभागिता र अपनत्व हो । गैरआवासीय नेपाली संघको भविष्य र गरिमा एनसिसीबाट सुरु हुने एकतामै निर्भर छ । त्यसैले, स्थायी र सार्थक आइसिसीको एकताको बाटो एनसिसीहरूको एकताबाटै अघि बढ्न सक्छ ।

***(भट्ट, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारका निवर्तमान अध्यक्ष हुन् ।)***

## सामाजिक सञ्जाल



**सूर्यराज आचार्य**

नेपालका दलमा छिरेपछि, निस्कने चलन सामान्यतः छैन । फेरि सबैलाई नेतृत्वको सिँढी चढ्नै पर्छ। ओर्लिने छैन, थपिँदै जाने यात्रु भएको बसजस्तै दलमा कोचाकोच छ । त्यसैले आज पदाधिकारीको संख्या, हिजोको केन्द्रीय समितिभन्दा ठूलो छ । राजनीतिक शास्त्रीले यो बारेको सुधारको सूत्र खोज्नुपर्‍यो ।

राज्यले एउटा स्वतन्त्र शक्तिशाली संयन्त्र बनाएर कुनै पनि भ्रष्टाचारजन्य अपराधको निष्पक्ष अनुसन्धान गर्न दिने हो भने यी शक्तिमा बसेर हालीमुहाली गर्नेहरू कोही पनि बाँकी रहँदैनन्। त्यसैले खोरमा जानबाट बच्न बाँचुन्जेल कसरी हुन्छ शक्तिमा बस्न अत्यन्तै जरुरी छ, नत्र विदेश पलायन हुनुपर्छ ।



**मनिषलाल चुके**



**केशव प्रसाद भट्टराई**

योजना आयोगकै कुनै औचित्य देखिन्न। सबै मन्त्रालयमा एउटा एउटा योजना शाखा र अर्थ मन्त्रालयमा योजना महाशाखा भए पुग्छ जस्तो लाग्छ। अर्को तीन महिना पनि कार्यकाल नभएको सरकारलाई किन योजना आयोगमा नयाँ उपाध्यक्ष चाहिएको होला ?

पार्टीको आन्तरिक लोकतन्त्र कमजोर छ। शीर्ष नेतृत्व व्यक्तिवादी छन्। पार्टी संरचना नोकरशाही छ । तर नेकपा एमालेको नेतृत्व र संगठन निर्णयप्रति प्रतिबद्ध र अनुशासित छ । यिनै कमजोरीका बाबजुद यति कम समयमा निर्णयबमोजिम महाधिवेशन गर्न सक्ने नेपालको ठुलो संगठन भएको एउटा मात्र पार्टी एमाले हो ।



**मुमाराम खनाल**

शान्ति सुरक्षामा सक्रिय डोल्पा प्रहरी

# एक महिनामा ५ सय ६७ पटक ग्रामीण गस्ती

**पूर्ण सार्की/मध्यान्ह**
डोल्पा, २ पुस




जिल्ला प्रहरी कार्यालय डोल्पाले मंसिर महिनामा सम्पादन गरेका विभिन्न कार्यहरूको प्रगति विवरण सार्वजनिक गरेको छ । सार्वजनिक विवरण अनुसार मंसिर महिनामा जिल्लामा कुल ५ वटा मुद्दा दर्ता भएका छन् ।

प्रहरीका अनुसार दर्ता भएका मुद्दामध्ये १ वटा गम्भीर, १ वटा सामान्य, १ वटा म.बा.बा. सम्बन्धी, १ वटा भवितव्य र १ वटा आत्महत्या सम्बन्धी रहेका छन्। उक्त मुद्दामा ७ जना प्रतिवादी रहेका छन् । फैसला कार्यान्वयनतर्फ १ जनालाई पक्राउ गरी २ हजार ५ सय जरिवाना असुल गरिएको प्रहरीले जनाएको छ। त्यस्तै, हराएका व्यक्तिको विवरणतर्फ ४ जनाको खोजी निवेदन परेकोमा १ जना फेला परेका छन् ।

गत मंसिर १ गते साँझ त्रिपुरासुन्दरी नगरपालिका-१, त्रिपुराकोट बजार क्षेत्रमा गरिएको चेकजाँचका क्रममा १ ग्राम ८८ मिलिग्राम ब्राउनसुगर, ३ ग्राम ८३ मिलिग्राम चरेश र १२ ग्राम ७५ मिलिग्राम गाँजा बरामद गरिएको थियो। उक्त घटनामा हरि बहादुर वि.क.सहित ७ जनालाई पक्राउ गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालयका अनुसार मंसिर महिनामा जिल्लामा ३७ वर्षीय एक पुरुषले आत्महत्या गरेको एक घटना दर्ता भएको छ । विपद् व्यवस्थापनतर्फ १ वटा आगलागीको घटना भएको, जसबाट अनुमानित २५ हजार बराबरको क्षति भएको र उक्त घटनामा ५ जना प्रहरी परिचालन गरिएको जानकारी दिइएको छ । सो अवधिमा सवारी दुर्घटनाको कुनै पनि घटना नभएको प्रहरीले जनाएको छ । महिनाभर नियमित सुरक्षा व्यवस्थाअन्तर्गत एलआरपी ५, एसआरपी ४ सय ३८, पिकेट ४ सय ३२, चेकिङ ४ सय २६ तथा ग्रामीण गस्ती ५ सय ६७ पटक सञ्चालन गरिएको थियो ।

सवारी चेकिङका क्रममा ३७ वटा कारबाही गरी ६३ हजार राजश्व संकलन गरिएको प्रहरीले जनाएको छ ।

त्यस्तै, मंसिर महिनामा समुदाय तथा विद्यालय केन्द्रित ३७ वटा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएका छन्, जसमा ९ सय ३९ जनाको सहभागिता रहेको थियो । नागरिक सहायता कक्षमार्फत ८ सय १२ जना सेवाग्राहीलाई सेवा प्रवाह गरिएको र हटलाइन तथा ड्युटी अफिसरको सम्पर्क नम्बरमा ७६ वटा फोन कल प्राप्त भएको प्रहरीले जनाएको छ ।

प्रहरी कर्मचारीको मनोबल वृद्धि गर्ने उद्देश्यले प्रकृति भ्रमण, खेलकुद, मनोरञ्जनात्मक कार्यक्रम, वनभोज तथा 'बेष्ट पुलिस अफ द मन्थ' कार्यक्रमसमेत सञ्चालन गरिएको छ । नवप्रवर्तनात्मक कार्यअन्तर्गत स्मारिका पुनर्निर्माण, कार्यालय प्रमुखको निवास तथा शौचालय निर्माण र रंगरोगनको काम गरिएको जनाइएको छ ।

त्यसैगरी, सिमान्तकृत, अल्पसंख्यक तथा पिछडिएका वर्गलाई लक्षित गरी ५ वटा कार्यक्रम सञ्चालन गरिएका छन्, जसमा ६७ जनाको सहभागिता रहेको जिल्ला प्रहरी कार्यालय, डोल्पाले जानकारी दिएको छ ।


**राहदानी हराएको सूचना**

मिति २०७९/०९/१९ गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: Ganesh Rana
पूरानो राहदानी नं.: 06283726
ठेगाना: Purkot, Harinas 6, Syangja
सम्पर्क: 9846769451

**राहदानी हराएको सूचना**

मिति २०८१/०७/३० गते काठमाडौंको बसुन्धरा क्षेत्रमा मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा पाउनु हुने महानुभावहरुले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम: Sunil B K
पूरानो राहदानी नं.: 07195255
ठेगाना: Tikaja, Aandhikhola 6, Syangja
सम्पर्क: 9869721938


## Birgunj Metropolitan City
## Office of the Municipal Executive

**Birgunj, Parsa**
**Date: 2082/09/03 (18th December 2025)**
**Contract Id: BMC/NCB/PPP/EOI/2082/083/01**

### 15-Day Public Notice for Submission of Expression of Interest (EOI) for Management and Operation of New Bus Park Terminal at Ward No. 16 under Public-Private Partnership (PPP) Concept

In pursuance of the decision made by the Municipal Assembly of Birgunj Metropolitan City, this public notice is issued to invite Expressions of Interest (EOI) from private sector entities for the management and operation of the New Bus Park Terminal located at Ward No. 16, Birgunj Metropolitan City, under the Public-Private Partnership (PPP) concept for a period of 5 (five) years. The selection of the private partner will be conducted competitively in accordance with the provisions of the Birgunj Metropolitan City Public-Private Partnership Act, 2078, the Public Procurement Act, 2063, Birgunj Metropolitan City Public Procurement Regulations, 2081, Nepal Law Commission Act 2075, Nepal Law Commission Regulation 2077, and other prevailing laws.

Through this notice, EOIs submitted to this office will be evaluated, and a shortlist of eligible applicants will be prepared. Shortlisted applicants will then be invited to submit technical and financial proposals as RFP. Interested private partners are required to submit their EOI through www.bolpatra.gov.np along with the details and documents specified below.

Details:

1. Birgunj Metropolitan City has allocated revenue fund towards the cost of Management and Operation of New Bus Park Terminal at Ward No. 16 under Public-Private Partnership (PPP) Concept and intends to apply a portion of this fund to eligible payments under the Contract for which this Expression of Interest is invited for National consulting service.
2. The Birgunj Metropolitan City now invites Expression of Interest (EOI) from eligible consulting firms ("consultant") to provide the following consulting services: Management and Operation of New Bus Park Terminal at Ward No. 16 under Public-Private Partnership (PPP) Concept Interested eligible consultants may obtain further information and EOI document fee as mentioned below of cost at the address Birgunj Metropolitan City, Office of the Municipal Executive, Birgunj, on or before 2082/09/18(2nd January2026) till 12:00 hours or visit e-GP system www.bolpatra.gov.np/egp or visit the client's website www.birgunjmun.gov.np
3. Consultants may associate with other consultants to enhance their qualifications.
4. Expressions of interest shall be delivered online through e-GP system www.bolpatra.gov.np/egp on or before 2082/09/18(2nd January2026) till 12:00 hours.
5. Expressions of interest shall be opened online through e-GP system www.bolpatra.gov.np/egp on or before 2082/09/18(2nd January2026) at 13:00 hours in the department of Procurement Unit / Procurement Section of Birgunj Metropolitan City.
6. In case the last date of obtaining and submission of the EOI documents happens to be a holiday, the next working day will be deemed as the due date but the time will be the same as stipulated.
7. EOI will be assessed based on Qualification [40%], Experience [40%], and Capacity [20%] of consulting firm and key personnel. Based on evaluation of EOI, only shortlisted firms will be invited to submit technical and financial proposal (RFP) through a request for proposal.
8. EOIs will be opened in the presence of the applicants or their representatives and relevant authorities. The absence of the applicant's representative will not hinder the opening process.
9. Minimum score to pass the EOI is 60.

## डोल्पो बुद्ध गाउँपालिका
## དོལ་པོ་བུདྡྷ་གྲོང་སྡེ་སྐྱི་ཁྲབ་ལྷན་ཁང་།
## Dolpo Buddha Rural Municipality
## गाउँ कार्यपालिकाको कार्यालय

**धो, डोल्पा**
**कर्णाली प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी संशोधित सूचना

**सूचना प्रकाशित मिति : २०८२/०९/०३**

यस कार्यालयबाट मिति २०८२/०९/०२ गते प्रकाशित बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना अनुसार देहाय बमोजिम हुनु पर्नेमा अन्यथा हुन गएकोले बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी संशोधित सूचना प्रकाशित गरिएको जानकारी गरिन्छ ।

| क्र.स. | बोलपत्र/ठेक्का/प्याकेज न. | कामको विवरण | बोलपत्र दाताको नाम र ठेगाना | कबोल अंक (मु.अ. कर र पि.एस. रकम बाहेक) |
|---|---|---|---|---|
| १. | DBRM/DOLPA/WORKS/NCB/02-2082/083 | धो खोला तटबन्धन निर्माण योजना | श्री मैकोट निर्माण सेवा, सिस्ने गाउँपालिका.-०७, रुकुम (पुर्व) | रु. २६,६२,९००।०० (अक्षरेपी छब्बिस लाख बैसट्ठी हजार नौ सय रुपैया र पैसा शुन्य मात्र) |

**प्रमुख प्रशासकीय अधिकृत**

## MANJUSHREE FINANCE LIMITED
## मञ्जुश्री फाईनान्स लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

**केन्द्रिय कार्यालय: थापाथली, काठमाण्डौं**
**जि.पि.ओ. बक्स: २३१७०**
**फोन नं. ९७७-१-४७९२५१७, फ्याक्स: ९७७-१-४७८२५१७**
**Web: www.manjushreefinance.com.np**
**Email: info@manjushreefinance.com.np**

### धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको ०७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति: २०८२/०९/०३**

यस वित्तिय संस्थाको नेपालगंज शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने तपाई ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा **SMS** मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने र १५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता पनि नभएको र धितो सकार गर्न कुनैपनि आवश्यक शिलबन्दी बोलपत्र नपरेको हुँदा उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सूचना प्रकाशित गरिएको छ। अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले ०७ (सात) दिन भित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथली काठमाडौंमा ०८औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो १:०० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पूर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

| | |
|---|---|
| **१ (क) ऋणीको नाम :** प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०७६ बमोजिम प्रदेश सरकार लुम्बिनी प्रदेश, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, नेपालगञ्ज, बाँकेमा मिति २०७७/१२/०३ गते, प्रा.फ.द.नं. १७४७/१००८७/०७७/०७८ भई, स्थायी लेखा नं. ६०३४५३३१५ भई बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. १८ स्थित रजिष्टर्ड कार्यालय रहेको **श्री ममता पोल्ट्री फर्म**<br>**उद्योगी/सञ्चालकको नाम : रुप माया गौतम**<br>**कर्जाको प्रकार : व्यवसाय आवधिक कर्जा**<br><br>**(ख) ऋणीको नाम : टाक्पा लामा र रुप माया गौतम**<br>**कर्जाको प्रकार : आवास कर्जा** | **उद्योगी/सञ्चालक/व्यक्तिगत जमानिकर्ता/ऋणीको नाम : रुप माया गौतम**<br>बाबु : जगत बहादुर गौतम<br>पति : टाक्पा लामा<br>ना.प्र.नं. : ४६७/५६४७<br>जारी मिति : २०४२/०६/१३, जि.प्र.का. : बाँके ।<br>ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज न.पा वडा नं. १६ ।<br>हाल : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा वडा नं. १८ ।<br><br>**व्यक्तिगत जमानिकर्ता : तेजश लामा**<br>बाबु : टाक्पा लामा<br>बाजे : निमा अबदु लामा<br>ना.प्र.नं. : ६६-०१-७६-०४६६४<br>जारी मिति : २०७६/०६/०५, जि.प्र.का. : बाँके<br>ठेगाना : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा. वडा नं. १८ । |

**व्यक्तिगत जमानिकर्ता/ऋणीको नाम : टाक्पा लामा**
बाबु : निमा अबदु लामा
बाजे : दोलु लामा
ना.प्र.नं. : ७३
जारी मिति : २०४५/०१/०४, जि.प्र.का. : हुम्ला ।
ठेगाना : हुम्ला जिल्ला, सिमिकोट गा.वि.स/उ.म.न.पा. वडा नं. ०८, को परिवर्तित हुम्ला जिल्ला, सिमकोट गा.पा. वडा नं. ०४ । हाल : बाँके जिल्ला, नेपालगञ्ज उ.म.न.पा वडा नं. १८ ।

**धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरण :**

क) **श्री टाक्पा लामा**को नाममा मा.पो.का., बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो गा.वि.स/न.पा. वडा नं. ५, स्थित कि.नं. ४९२, १७८१, १७८३ र १७७९ को क्षेत्रफल क्रमशः ०-०-१८-० (३०४.७४ व.मी.), ०-०-२.५-० (४.२३ व.मी.), ०-०-२.५-० (४.२३ व.मी.) र ०-०-२-० (३३.८६ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

ख) **श्रीमती रुपमाया गौतम**को नाममा मा.पो.का., बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो गा.वि.स/न.पा. वडा नं. ५, स्थित कि.नं. ४९३ को क्षेत्रफल ०-०-१८-० (३०४.७४ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

ग) **श्रीमती रुपमाया गौतम**को नाममा मा.पो.का., बाँकेमा दर्ता कायम रहेको बाँके जिल्ला, खासकारकादो गा.वि.स/न.पा वडा नं. ५, नक्सा सिट नं. ५ स्थित कि.नं. ३४३४ को क्षेत्रफल ०-०-१५-० (२५३.९५ व.मी.) को घरजग्गा तथा सो ले चर्चेको लिगलगापात समेत ।

**शर्तहरु:**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ।
३. गोप्य शिलबन्दी फाराम यो सुचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।
४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय थापाथलीमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिनेछ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थान, समय र मिति :**
**मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय थापाथली, काठमाडौं**
**समय : दिउँसो १:०० बजे, मिति: २०८२/०९/११ गते**

## बोगटान फुड्सिल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**चवाराचौतारा, डोटी**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

### बोलपत्रको आशय पत्र सम्बन्धी सूचना

**प्रकाशित मिति: २०८२/०९/०३**

यस बोगटान फुड्सिल गाउँपालिका गाउँ कार्यापालिकाको आ.व. २०८२/०८३ को बजेट तथा कार्यक्रम अन्तरगत **Procurement for Supply and Delivery of Sanitary Pads** कार्यका लागी मिति २०८२/०८/०४ गते प्रथम पटक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसारको न्यूनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राहि देखिन आएको तपसिल बमोजिमको बोलपत्र स्वीकृतका लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ ।

**तपसिल :**

| ठेक्का नं. | कामको विवरण | सप्लाएर्स | कबोत रकम (VAT बाहेक) |
|---|---|---|---|
| 02/BPRM/SQ/2082/83 | Procurement for Supply and Delivery of Sanitary Pads | Glolobe Drug Supplier | 3,76,248.90 |

**प्रमुख प्रशासकिय अधिकृत**


## साउदीमा रोजगार

कम्पनी: THE NATIONAL TRANSPORT COMPANY
शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८२/०९/०२
चलानी नं.: ६०२४८८५८
L.T. No.: 335225

| सि.नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Drivers | 20 | 0 | स. काममा दक्ष | 1800 | ६९,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८२ पुस १० देखि १४ गते सम्म (25 to 29 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Yatra H.R. Solution Pvt. Ltd.**
Gov. Lic No. 1096/073/074
Old Baneshwor-9, Kathmandu, Tel: 4114682, 4114683
E-mail: yatrahr2017@gmail.com, Web.: www.yatrahrsolution.com

# अनलाइन लाइसेन्स फारम प्रणाली सुधारको माग

**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २ पुस




गत भदौ २३-२४ मा भएको जेनजी आन्दोलनका क्रममा यातायात व्यवस्था विभागको केन्द्रीय कार्यालयमा भएको तोडफोड र आगजनीका कारण देशभर सवारी चालक अनुमति पत्र (लाइसेन्स) सम्बन्धी सेवाहरू प्रभावित भएपछि सेवाग्राहीहरू ठूलो समस्यामा परेका छन् । लाइसेन्स दर्ता, नवीकरण र अन्य सेवामा अवरोध आएकाले सर्वसाधारणले निकै सास्ती खेप्नुपरेको छ ।

यसैक्रममा यातायात व्यवस्था कार्यालय, गौर, रौतहटले अनलाइन फारम आवेदन प्रणालीमा देखिएका गम्भीर समस्याहरू तत्काल समाधान गर्न सम्बन्धित निकायसँग माग गरेको छ । कार्यालयका अधिकृत कामेश्वर साह र नसिम अहमदले संयुक्त रूपमा जारी गरेको ध्यानाकर्षण पत्रमा अनलाइन प्रणालीको जटिलता र अव्यवस्थाका कारण सेवाग्राहीहरू अनावश्यक हैरान भइरहेको उल्लेख गरिएको छ ।

अधिकारीहरूका अनुसार, सवारी चालक अनुमति पत्र अत्यावश्यक सेवा हो तर अनलाइन प्रणालीको प्राविधिक समस्या र जटिलताले सेवाग्राहीहरू फारम भर्नै नसक्ने वा त्रुटिपूर्ण फारम भरेर दुःख पाइरहेका छन् । 'हामीले सेवाग्राहीलाई सहज र झन्झटमुक्त सेवा दिन अनलाइन प्रणालीलाई सरल, व्यवस्थित र त्रुटीरहित बनाउनुपर्छ,'पत्रमा भनिएको छ ।

भदौ २३-२४ गतेको आन्दोलनका क्रममा विभागको डाटा सेन्टर र छपाइ मेसिनमा क्षति पुगेपछि अनलाइन प्रणालीहरू लामो समय अवरुद्ध भएका थिए । हाल आंशिक रूपमा सेवा सुचारु भए पनि सर्भर डाउन हुने, फारम भर्न कठिनाइ र अन्य प्राविधिक समस्या कायमै छन् । यसले कार्यालयहरूमा सेवाग्राहीको चाप बढाएको र समस्यालाई झन् जटिल बनाएको गौर कार्यालयको ठहर छ ।

सेवाग्राहीहरू अनलाइन फारम भर्न नसकी बारम्बार कार्यालय धाउनुपर्ने, साइबरमा घण्टौं कुर्नुपर्ने र सिस्टम क्र्यास हुँदा फारम नै हराउने जस्ता समस्या भोगिरहेका छन् । कार्यालयले विभागलाई प्रक्रियालाई सकेसम्म सरल र सेवाग्राहीमैत्री बनाउन, एकैपटक धेरैले फारम भर्दा सर्भर डाउन नहुने गरी क्षमता वृद्धि गर्न, प्राविधिक समस्याहरूको स्थायी समाधान गर्न तथा फारम स्वीकृतिको स्थिति र पालोबारे स्पष्ट जानकारी दिने व्यवस्था मिलाउन आग्रह गरेको छ ।

# कानुनी माध्यमबाट मात्रै पैसा पठाउन दूतावासको आग्रह

**सुवास लामिछाने/मध्यान्ह**
अबुधाबी, २ पुस



संयुक्त अरब इमिरेट्स (यूएई) मा कार्यरत नेपाली कामदार तथा व्यवसायीलाई लक्षित गर्दै नेपाली राजदूतावास, अबुधाबीले हुन्डी कारोबारप्रति सतर्क रहन आग्रह गरेको छ । पछिल्लो समय अनौपचारिक माध्यमबाट हुने रकमको लेनदेनले कानुनी जोखिम बढ्दै गएपछि दूतावासले औपचारिक बैंकिङ तथा स्वीकृत वित्तीय प्रणाली प्रयोग गर्न जोड दिएको हो ।

राजदूतावासका अनुसार विदेशमा रहँदा हुन्डीजस्ता अवैध वित्तीय गतिविधिमा संलग्न हुँदा जेल सजाय, जरिवाना तथा रोजगारी गुम्ने जोखिमसमेत रहने गर्दछ । यस्ता कारोबार सम्पत्ति शुद्धीकरण तथा आतंकवादी गतिविधिमा वित्तीय सहयोग निवारणसम्बन्धी अन्तर्राष्ट्रिय कानुनअनुसार गम्भीर अपराध मानिने जनाइएको छ ।

दूतावासले परराष्ट्र मन्त्रालय र अर्थ मन्त्रालयसँगको समन्वयमा यूएईमा हुने अनौपचारिक वित्तीय गतिविधिको मासिक रूपमा निगरानी भइरहेको पनि स्पष्ट पारेको छ । यसले हुन्डी कारोबारमा संलग्न व्यक्तिहरू छिट्टै कानुनी दायरामा आउने संकेत गरेको छ ।

## भिजन ईनर्जि एण्ड पावर लि.
का.म.न.पा. १०, काठमाण्डौ, फोन नं: ०१-५२४४९९८
Website: www.veplinfo.com, Email:visionenergy@veplinfo.com

**चौथो (पब्लिक कम्पनीमा परिणत भए पश्चात) बार्षिक साधारणसभा सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०३

श्री शेयरधनी महानुभावहरु,
यस कम्पनीको मिति २०८२/०८/२९ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार यस भिजन ईनर्जी एण्ड पावर लि. को चौथो (पब्लिक कम्पनीमा परिणत भएपश्चात) बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयहरु उपर छलफल गरी निर्णय गर्नको लागि बस्ने तय भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ :

**सभा हुने मिति, समय र स्थान:**
मिति : २०८२/०९/२८ (तद्नुसार २०२६/०१/१२) सोमबार
समय : दिनको ३ :०० बजे
स्थान : भर्च्युअल विधि, जुम मार्फत
(जुम लिङ्क सभा हुनुपुर्व ईमेल तथा एस.एम.एस. मार्फत उपलब्ध गराइनेछ ।)

**छलफलका बिषयहरु :**
(क) साधारण प्रस्ताव
१. आर्थिक बर्ष २०८१/८२ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।
२. आर्थिक बर्ष २०८१/८२ को लेखापरीक्षकको प्रतिवेदन सहितको वित्तीय विवरण स्वीकृत गर्ने सम्बन्धमा।
३. आर्थिक बर्ष २०८२/८३ को लागि लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
(ख) विशेष प्रस्ताव
१. प्रारम्भिक शेयर निष्काशन (IPO) मार्फत सर्वसाधारणमा कम्पनीको शेयर जारी गर्ने र उक्त निष्काशन गर्ने क्रममा आवश्यक कार्य गर्नका लागि अख्तियारी सम्बन्धमा
(ग) विविध

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव

## ओमन, युएई र साउदीमा रोजगार

कम्पनीः **LULUAT ALBANAT** शहरः **OMAN**
पूर्व स्वीकृत मितिः २०८१/०५/०५ चलानी नं.: ६०२२४७२१ LT. No.:309142 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairstylist Worker | 0 | 1 | स. काममा दक्ष | 170 | ६४,१८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः **REVASSER LADIES SPA** शहरः **UAE**
पूर्व स्वीकृत मितिः २०८२/०२/१७ चलानी नं.: ६०२३८८६७ LT. No.:324935 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 2 | सम्बन्धित काममा दक्ष | 1500 | ५९,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicurist | 0 | 2 | | 1300 | ५१,४५४ | | | | | | | |

कम्पनीः **AXIS INSPECTION LTD.** शहरः **AL KHOBAR**
पूर्व स्वीकृत मितिः २०८१/१०/२७ चलानी नं.: ६०२३२६७२ LT. No.: 318503 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 11 | 0 | स. काममा दक्ष | 1000 | ३९,५८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १० गते (25 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sky Of The World Manpower Pvt. Ltd.**
श्रम ई. पत्र नं.: १०३९/०७३/०७४
Tilganga-9, Manpower Bazar, Kathmandu, Tel.: 01- 4591316, Mob.: 9860049528, 9808840910, 9860924657, 9851068774, 9851035867. E-mail : info@skymanpower.com.np Web.www.skymanpower.com.np

# इक्यान ललितपुर शाखाको अध्यक्षमा महर्जन




**ललितपुर/मस**– नेपाल शैक्षिक परामर्श संघ (इक्यान ) ललितपुर शाखाको दशौँ वार्षिक साधारणसभा तथा छैटौँ अधिवेशन सफलतापूर्वक सम्पन्न भएको छ । अधिवेशनबाट अध्यक्षमा सोनाम कुमार महर्जन तथा उपाध्यक्षमा मुकुन्द बजगाईं निर्वाचित भएका छन् ।

नवनिर्वाचित कार्यसमितिमा सचिव पदमा विनोद भट्टराई र कोषाध्यक्ष पदमा योजना हमाल चयन भएका छन्। साथै अन्य सदस्यहरू पनि निर्वाचित भएका छन् ।

अधिवेशनले ललितपुर शाखाको शैक्षिक परामर्श क्षेत्रलाई थप व्यवस्थित, पारदर्शी तथा गुणस्तरीय बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । नवनिर्वाचित अध्यक्ष, उपाध्यक्षसहित सम्पूर्ण पदाधिकारी एवं सदस्यहरूले आगामी दिनमा संघलाई अझ सशक्त, जिम्मेवार र व्यवसायिक रूपमा मजबुत बनाउँदै अघि बढ्ने प्रतिबद्धता जनाएका छन् ।

उपाध्यक्ष मुकुन्द बजगाईं लामो समयदेखि शैक्षिक परामर्श क्षेत्रमा सक्रिय रहँदै आएका छन् । उनी कुमारीपाटीस्थित मेघा कन्सल्टेन्सीका अध्यक्षसमेत हुन् । शैक्षिक परामर्श क्षेत्रमा उनको अनुभव र नेतृत्वले ललितपुर शाखालाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ । कार्यसमितिले आगामी दिनमा शैक्षिक परामर्श व्यवसायको मर्यादा कायम गर्दै विद्यार्थी तथा अभिभावकको हितमा केन्द्रित प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्ने विश्वास व्यक्त गरेको छ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७५/०५/०३ गतेमा दर्ता भएको **प्रा.लि.नं १९६४१५** को **रेस्पोन्सिवल मिडिया एण्ड रिसर्च सेन्टर प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०७/१७ को निर्णय अनुसार कम्पनी ऐन २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानाकारेको लागीयो सूचना प्रकासित गरिएको छ ।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०५/३१ मा प्रा.लि. नं. २७२०२७ मा दर्ता भएको **किसानको अर्गानिक फुड्स प्रा. लि.** को मिति २०८२/०९/०२ मा सम्पन्न विषेश साधारण सभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।
**लिक्विडेटरः गोपाल खतिवडा (इजाजत नं. ६१५)**
**कामनपा-९, काठमाडौं ।**
**सम्पर्कः ९८६३५४२२९०**

## नेशनल नेचर केयर लिमिटेड (लिमिटेड द.न. १३०२)
नयाँ बानेश्वर, काठमाडौं

**साधारण सभा सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०३ गते**

यस नेशनल नेचर केयर लि को संचालक समितिको मिति २०८२/०८/३ को बैठकको निर्णय अनुसार यस लिमिटेडको वार्षिक साधारण सभा यही २०८२/०९/२६ गते शनिवार बिहान ११:०० बजे काठमाडौं का.म.न.पा. वडा न १५ वनस्थली स्थित नेचर केयर हस्पिटलको सभाहलमा बस्ने भएको हुँदा सबै शेयर धनी महानुभावहरुलाई व्यक्तिगत रुपमा पठाएको पत्र प्राप्त नभए पनि यसै सूचनालाई आधार मानी शेयरधनीको हैसियतले सो साधारण सभामा उपस्थितिको लागि अनुरोध छ ।

**सामान्य प्रस्तावहरुः**
१) संचालक समितिको तर्फवाट आ.व.०८१/८२ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने सम्बन्धमा ।
२) आ.व.०८१/८२ को लेखापरीक्षण प्रतिवेदन तथा आ.व.०८१/८२ को नाफा नोक्सान हिसाव नगद प्रवाह समेतको विवरण स्वीकृत सम्वन्धमा ।
३) आ.व.०८२/८३ को लेखा परीक्षक नियुक्ती र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
४) विविध

**विशेष प्रस्तावः**
१ प्रबन्ध पत्रको दफा २ तथा नियमालीको नियम संशोधन गर्ने सम्बन्धमा ।
२ वार्षिक साधारण सभा सम्बन्धि अन्य आवश्यक कुराहरु ।
क) साधारण सभामा भाग लिन आउँदा आफनो परिचय खुल्ने कुनै प्रमाण साथमा हुन अनिवार्य छ ।
ख) साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्ती गर्न चाहाने शेयरधनी महानुभावहरुले यस कम्पनिको शेयरधनीहरु मध्ये कसैलाइ तोकिए बमोजिमको ढाँचाको (यस कम्पनीको कार्यालयमा उपलब्ध गराईने) फाराम भरी पेश गर्नु पर्नेछ ।
ग) शेयरधनी र शेयरधनीबाट नियुक्त प्रतिनिधिले मात्र सभा कक्षको ढोकामा सो दिनको १०:०० बजे देखि खुल्ला राखिने हाजिरी किताबमा साधारण सभा हुन भन्दा अगाडी नै उपस्थिति जनाईसक्नु पर्नेछ ।
घ) अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ ।
**सम्पर्क नः ०१ ४७९५७०८, ९८४८८६६८९३**

कार्यकारी निर्देशक
नेशनल नेचर केयर लि.

## Gandaki Rural Municipality
## Office of Rural Municipal Executive
**Bhulmichok, Gorkha**
**Gandaki Province, Nepal**

### Invitation for E-Quotation
**Date of publication: 2025-12-18 (2082-09-03)**

1. Gandaki Rural Municipality has allocated funds towards the cost of sanitary pads and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Gandaki Rural Municipality, office of Rural Municipal Executive, invites Electronic sealed quotation from registered Suppliers for the Procurement, Supply and Delivery of Sanitary Pads for the following.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| GRM/GOODS/ SQ/06/2082/83 | Procurement, Supply and Delivery of Sanitary Pads | Sealed Quotations | 7,50,407.08/- | 1000/- | 20,000/- | 45 days/ 75 days after bid opening | 2082/09/18 2026/01/02 12:00 | 2082/09/18 2026/01/02 13:00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gandaki Rural Municipality, office of Rural Municipal Executive, Bhumlichok, Gorkha, 9841378428 or may visit PPMO website www.bolpatra.gov.np or www.gandakimun.gov.np.

**Chief Administrative Officer**

## Kumakh Rural Municipality
## Office of the Rural Municipal Executive
**Ragechaur, Salyan**
**Karnali, Province Nepal**
**Second Date of publication: 2082/09/3 (2025/12/18)**

1. Kumakh Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the procurement under following Project.

| IFB NO. | Project Name | Estimated Amount (without Vat & contingency) NRS | Bid document fee (NRs) | Bid security (NRs) | Bid security Validity period | Last date of bid submission | Bid opening date |
|---|---|---|---|---|---|---|---|
| KRM/SQ/W/O2 /2082/083 | Constructions of Tikachaur Sichai Kulo Nirman Kumakh 4 Salyan | 1,290,738.35 | 1,000 | 37500 | 75 days | 2082/09/18 12:00 hours | 2082/09/18 13:00 hours |

2. Eligible Bidders may obtain further information at the office of Kumakh Rural Municipality, or may visit PPMO website www.bolpatra.gov.np/ and submit www.bolpatra.gov.np./egp scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
Name of the Bank: Himalayan bank limited
Name of Office: Kumakh Rural Municipality
Office Revenue Account no.: 12007797630117
Office code: 305016001
Revenue code: 14229
3. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp_on or before above mentioned date and time.
4. The employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

# ‘एमालेले संस्थापक नेताहरूको योगदानलाई उपेक्षा गर्‍यो’

**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, २ पुस



नेकपा एमालेबाट अलग भइ हालै नेपाली कम्युनिष्ट पार्टीमा समाहित भएका पार्टीका नेता प्रकाश शाहले नेकपा एमालेले संस्थापक नेताहरू तथा उनीहरूको योगदानलाई उपेक्षा गरेको आरोप लगाएका छन् ।

बुधबार बझाङको सदरमुकाम चैनपुरमा नेपाली कम्युनिष्ट पार्टीद्वारा आयोजित एकता सन्देश सभालाई सम्बोधन गर्दै शाहले पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी र मदन भण्डारीजस्ता ऐतिहासिक नेताहरूको योगदानलाई वर्तमान एमाले नेतृत्वले बेवास्ता गरेको दाबी गरे । उनले भने,‘एमालेमा पुष्पलाल, मनमोहन र मदन भण्डारी मात्र होइन, ५० वर्षसम्म पार्टीमा संघर्ष गरेका डा.भीम रावललाई समेत ठाउँ छैन । यो पार्टीको इतिहास र योगदानमाथि गरिएको गम्भीर अन्याय हो ।’

शाहले एमाले अध्यक्ष केपी शर्मा ओलीले पार्टी र राज्य दुवैलाई निरङ्कुशताका दिशातर्फ लैजाने काम गरेको आरोप पनि लगाए । ओली नेतृत्वको सरकारमा तानाशाही प्रवृत्ति हाबी भएपछि आफूहरू एमाले छाड्न बाध्य भएको उनको भनाइ थियो ।

‘नेतृत्वमा निरकुंशता र कार्यकर्तामा दास प्रवृत्ति हावी भएपछि पार्टीभित्र विद्रोह स्वाभाविक भयो,’उनले भने,‘त्यही परिस्थितिका कारण पुष्पकमल दाहाल ‘प्रचण्ड’, झलनाथ खनाल, माधव नेपाल र भीम रावलजस्ता नेताहरू एकै ठाउँमा उभिन बाध्य भएका हुन् ।’ शाहले नेपाली कम्युनिष्ट पार्टीले कम्युनिष्ट आन्दोलनको मूल मर्म, लोकतान्त्रिक मूल्य र सामूहिक नेतृत्वको अभ्यासलाई पुनः स्थापित गर्ने दाबीसमेत गरे ।

# रोल्पाको परिवर्तनमा कपडा बैंक शुभारम्भ



**सुर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २ पुस

रोल्पाको परिवर्तन गाउँपालिकाले कपडा बैंकको शुभारम्भ गर्दै करिब ३ सय जनालाई निःशुल्क कपडा वितरण गरेको छ ।

सोमबार गाउँपालिकाको केन्द्र पुतलाचौरमा आयोजित कार्यक्रममा ज्येष्ठ नागरिक, विपन्न परिवारका बालबालिका र महिलाहरूलाई लक्षित गरी कपडा वितरण गरिएको हो । कपडा बैंक नेपाल बुटवलको सहकार्य र परिवर्तन गाउँपालिकाको समन्वयमा यो कार्यक्रम सम्पन्न भएको हो । ‘आफ्नो घर, टोल र समाजलाई सफा राखौं, कोही कपडाविहीन नरहुन्’ भन्ने मूल नाराका साथ कपडा बैंक स्थापना गरिएको हो ।

कार्यक्रम कपडा बैंकका सञ्चालक कमल जिसीको अध्यक्षतामा सम्पन्न भएको थियो। परिवर्तन गाउँपालिका अध्यक्ष सुकबहादुर बुढा मगरको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा उपाध्यक्ष कलादेवी खत्री, प्रमुख प्रशासकीय अधिकृत निमबहादुर केसी विशिष्ट अतिथि थिए ।

यसैगरी, कपडा बैंक नेपालका सल्लाहकार तथा पत्रकार दिनेश घिमिरे, निवर्तमान उपाध्यक्ष हितकुमारी बुढा मगर, वडा नं. २ का अध्यक्ष हरिप्रसाद बुढा मगर, वडा नं. ५ का अध्यक्ष दिलबहादुर वली, वडा नं. ६ का अध्यक्ष भरतकुमार बुढा, नेपाली कांग्रेस गाउँपालिका सभापति खड्क घर्ती मगरलगायतको आतिथ्यता रहेको थियो ।

ज्येष्ठ नागरिक जमानसिंह ओली र धनसरी रोकालाई अध्यक्ष सुकबहादुर बुढा मगर, उपाध्यक्ष कलादेवी खत्री, प्रमुख प्रशासकीय अधिकृत निमबहादुर केसी, सञ्चालक कमल जिसी र सल्लाहकार दिनेश घिमिरेले संयुक्त रूपमा कपडा हस्तान्तरण गरेका थिए । कपडा प्राप्त गरेपछि ज्येष्ठ नागरिक जमानसिंह ओलीले निःशुल्क कपडा पाउँदा खुसी लागेको बताए ।

## माईग्रेशन सर्टिफिकेट हराएको सूचना

मिति २०८२/०५/२२ गतेको दिन भक्तपुर देखि नयाँ बानेश्वर जाँदा मेरो निम्न विवरण भएको कक्षा १२ को माईग्रेशन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न नंम्बरमा सम्पर्क गरि बुझाइदिनु हुन अनुरोध गर्दछु ।

**नामः निकुञ्ज रेग्मी**
**रजिस्ट्रेसन नं. ८०३२७०४९०१०७**
**सिम्बोल नं.** : M 1363381
**सम्पर्क नं: ९७६११३८५०२**

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

## कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०६८/०४/०२ मा दर्ता भएको **प्रा. लि. नं. ८४५७५** को श्री **आस्तिक डिजाइन्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०९/०२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम स्वेच्छिक खारेज गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

merojob AIM HIGHER
## मेरो जव लिमिटेड
**काठमाडौं, नेपाल**

### वार्षिक साधारण सभा सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति २०८२/०९/०३ गते**

यस मेरो जव लिमिटेड कम्पनीको सञ्चालक समितिको बैठकको निर्णय अनुसार कम्पनीको चौथो बार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पुर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थानः-**
मिति : २०८२/०९/२५ गते
समय : विहान ११:०० बजे
स्थान : कम्पनीको रजिष्टर्ड कार्यालय, काठमाडौं ।

**वार्षिक साधारण सभामा पेश गरिने छलफलका प्रस्तावहरुः-**
१. सञ्चालक समितिका अध्यक्षज्यूबाट कम्पनीको वार्षिक प्रतिवेदन प्रस्तुति,
२. आ.व. ०८१/०८२ को लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तको वासलात र आ.व. ०८१/०८२ को वार्षिक नाफा नोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने,
३. आ.व. ०८२/०८३ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र पारीश्रमिक निर्धारण गर्ने,
४. शेयरधनीहरुलाई लाभांस वितरण सम्बन्धमा,
५. विविध ।

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

## कर्मचारी हटाइएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Khagol Overseas Pvt. Ltd. (श्रम इजाजत पत्र नं. ६३५/०६३/०६४)** मा निम्न कर्मचारीहरुलाई यस कम्पनीबाट हटाइएको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निजसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | अख्तर अली खान | ३८-०१-०६९-२२७९५ | बजार प्रबन्धक |
| २. | मुकेश गौतम | १८/१३४८५ | बजार प्रबन्धक |

**KHAGOL OVERSEAS PVT. LTD.** श्रम इजाजत नं. ६३५/०६३/०६४
Naya Baneshwor, Kathmandu, Nepal, Tel.No. : +977-1-5244046, 5244747, 5244448, 9801022869, 9705695555, 9851019574, Email: info@khagoloverseas.com.np, khagoloverseas@gmail.com, Website: www.khagoloverseas.com.np,


## कतारमा रोजगार

कम्पनी: **AAKASHEWA FACILITY MANAGEMENT** शहर : Doha
पूर्व स्वीकृत मिति: २०८२/०९/०२ चलानी नं.: ६०२४८९०२ L.T. No.: 335506

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Foreman | 0 | 3 | सम्बन्धित काममा दक्ष | 2500 | ९९,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Receptionist | 0 | 3 | | 2000 | ७९,५४० | | | | | | | |
| 3. | Supervisor | 3 | 0 | | 2800 | १,११,३५६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १० गते** (25 December 2025) **मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Sara Khasa Human Resource Pvt.Ltd.**
श्रम इजाजत नं. १४५३/०७४/०७५
Old Baneshwor, Kathmandu, Nepal, Tel.: 01-4574798, 9808338626, 9851119676.
Email: sarakhasahr1453@gmail.com, website: www.sarakhasahr.org.np

## यूएईमा रोजगार

कम्पनी: **SPARK SECURITY SERVICES - SOLE PROPRIETORSHIP L.L.C.** शहर: **ABU DHABI**
पूर्व स्वीकृत मिति: २०८२/०४/०५ चलानी नं.: ६०२४१९८२ LT. No.:327400 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 120 | 50 | सम्बन्धित काममा दक्ष | 2000 | ७९,१६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Lifeguard | 20 | 10 | | 1800 | ७१,२४४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १०, ११, १२ गते** (25, 26, 27 December 2025) **मा हुनेछ ।**
**अन्तर्वार्ता होटल दिब्या श्री पोखरामा २०८२ पुस १०, ११, १२ गते** (25, 26, 27 December 2025) **मा हुनेछ ।**
**अन्तर्वार्ता होटल रेड कार्पेट चितवनमा २०८२ पुस १०, ११, १२ गते** (25, 26, 27 December 2025) **मा हुनेछ ।**
**अन्तर्वार्ता होटल इन टुरिस्ट सुनसरीमा २०८२ पुस १०, ११, १२ गते** (25, 26, 27 December 2025) **मा हुनेछ ।**
**अन्तर्वार्ता सि.पि होटल झापामा २०८२ पुस १०, ११, १२ गते** (25, 26, 27 December 2025) **मा हुनेछ ।**
**अन्तर्वार्ता डोल्से रेष्टुरेन्ट रुपन्देहीमा २०८२ पुस १०, ११, १२ गते** (25, 26, 27 December 2025) **मा हुनेछ ।**

★ **कम्तीमा** SLC **पास साथै** English **भाषा राम्रो सँग लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।**
★ **उमेर २२ बर्ष देखि ३८ बर्ष ननाघेको र उचाई ५ फिट ७ ईन्च भन्दा माथि हुनुपर्नेछ ।**
★ Civil, Ex-Army, Police **मा कम्तीमा ३ वर्षको अनुभव भएकाहरुलाई विशेष ग्राह्यता दिइनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SKILLS GROUP H.R. RECRUITMENT PVT.LTD**
Govt Lic. No. 1686/080/081
P.O. Box: 8233, Basundhara-03, Kathmandu, Nepal
Tel: 01-5920160 | Email: info@skillgrouphr.com.np

## साउदीमा रोजगार

कम्पनी: **WAJAN AL-MUSK OPERATION AND MAINTENANCE COMPANY** शहर: **RIYADH**
पुर्व स्वीकृत मिति: २०८२/०९/०२ चलानी नं.: ६०२४८९०१ L.T. No.:335531

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Labor | 18 | 0 | स. काममा दक्ष | 1000 | ३८,७५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १० गते** (25 December 2025) **मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.** Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210


# निक्षेपउपर हकदावीगर्ने सम्बन्धी १५ दिने सूचना

तपसिलमा उल्लिखित यस बैंकका खातावालहरुको मृत्यु भएको हुँदा निजहरुको नाममा यस बैंकको शाखा कार्यालयहरुको खातामा रहेको रकम पाउँभनी मृतकका देहायकाहकवालाहरुले आवश्यक कागजात सहित यस बैंकका सम्बन्धित शाखामा निवेदन दिनुभएको हुँदा उक्तखातावालको नाममा रहेको निक्षेपमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्र प्राथमिकतामा अन्य कुनै हकदार भएको भए त्यस्ता हकदारले यो सूचना प्रकाशित भएको मितिले **१५ (पन्ध्र)** दिनभित्र स-प्रमाण यस बैंकमा हकदावी गर्न यो सूचना प्रकाशित गरिएको छ । म्याद भित्र हकदावी गर्न नआएमा निवेदकको निवेदन बमोजिमभई जाने जानकारी गराइन्छ ।

| सि. नं | मृतकखातावालको नाम | ठेगाना | खाता नं. | शाखा | मृत्यु भएको मिति | हकदाबीगर्ने/निवेदकको नाम, ठेगाना र (मृतकसंगको नाता) |
|---|---|---|---|---|---|---|
| १ | **शिवनाथ महरा तत्मा**<br>बाबु : विष्णु महतो तत्मा<br>बाजे : कारी महतो | हालको ठेगाना, पर्सा जिल्ला बिरगंज महानगरपालिका वडा नं २१ स्थाइ ठेगाना, पर्सा जिल्ला लिपनी विर्ता वडा नं. १ | बचत खाता नं. **२१९१००१७५११९५२** | परवानीपुर | **२०८२/०४/२४** | पर्सा जिल्ला, बिरगंज माहानगरपालिका वडा नं २१ म बस्ने उम्रावती देवी (श्रीमती) |
| २ | **तुल्सी हमाल**<br>श्रीमान : हरि कृष्ण हमाल<br>ससुरा : अनिकृष्ण हमाल | जुम्ला जिल्ला, सिंजा गाउँपालिका वडा नं ३ | बचत खाता नं. **२१०१००१७५०२७६०** | सिँजा | **२०८२/०६/१५** | जुम्ला जिल्ला, सिँजा गाउँपालिका वडा नं ३ बस्ने हरि कृष्ण हमाल (श्रीमान) |
| ३ | **बल बहादुर तामाङ**<br>बाबु : पासाङ्ग तामाङ्ग<br>बाजे : कर्ण बहादुर तामाङ्ग | सुनसरी जिल्ला धरान उपमहानगरपालिका वडा नं. १०, | बचत खाता नं. **१६१००१७५१०२९१** | धरान | **२०८२/०७/०३** | सुनसरी जिल्ला, धरान उपमहानगरपालिका वडा नं. १०, बस्ने मोना लिम्बु तामाङ्ग (श्रीमती) |
| ४ | **मदन बहादुर कार्की**<br>बाबु : हर्क बहादुर कार्की<br>बाजे : कृष्ण बहादुर कार्की | भोजपुर जिल्ला, पौवबदुङमा गाउँपालिका वडा नं. ३ | बचत खाता नं. **१६१००१७५०९७३७** | धरान | **२०८१/०६/०२** | भोजपुर जिल्ला, पौवबदुङमा गाउँपालिका वडा नं. ३ बस्ने प्रकाश कार्की (छोरा) |
| ५ | **कर्ण बहादुर तामाङ**<br>बाबु : जितमान तामाङ<br>बाजे : झींचिङ तामाङ | दोलखा जिल्ला, विगु गाउँपालिका वडा नं.०१ | बचत खाता नं. **४०१००१७५०२११९** | चरिकोट | **२०८०/०८/०१** | दोलखा जिल्ला, विगु गाउँपालिका वडा नं.०१ बस्ने सतमाया तामाङ (श्रीमती) |
| ६ | **जाङमु शेर्पा**<br>बाबु : कामि शेर्पा<br>बाजे : निम तेन्जि शेर्पा | दोलखा जिल्ला, जिरि नगरपालिका वडा नं.३ | बचत खाता नं. **५११००१७५०४३७९** | अत्तरखेल | **२०८२/०५/०९** | दोलखा जिल्ला, जिरि नगरपालिका वडा नं.३ बस्ने डिमा शेर्पा (श्रीमान) |
| ७ | **मनकला राना क्षेत्री**<br>बाबु : बहादुर बस्नेत<br>श्रीमान : खिम बहादुर बस्नेत | अर्घाखांची जिल्ला छत्रदेव गा.पा. वडा नं. ५ | बचत खाता नं. **२१४१००१७५०१४८०** | छत्रगन्ज | **२०८२/०७/१०** | अर्घाखाचि जिल्ला, छत्रदेव गाउँपालिका वडा नं.५ बस्ने राम बहादुर राना क्षेत्री (छोरा) |
| ८ | **उमेश मानन्धर**<br>बाबु : बद्री नारायण मानन्धर<br>बाजे : बुद्धि नारायण मानन्धर<br>आमा : सन्तोना मानन्धर | काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं ०३ | बचत खाता नं. **४७१००१७५००२२३**<br>**र ४७०१०१७५०००३२** | धापासी | **२०८२/०७/०७** | काठमाडौं जिल्ला, काठमाण्डौं महानगर पालिका वडा नं ०३ बस्ने बसुन्धारा मानन्धर (श्रीमती) |
| ९ | **चन्द्र प्रसाद अधिकारी**<br>बाबु : अबीचन्द्र अधिकारी<br>बाजे : लक्ष्मी कान्त अधिकारी | पाँचथर जिल्ला, ओयाम गा.वि.स वडा नं. ०९ | बचत खाता नं. **०२२१००१७५११५५४** | दमक | **२०७९/१२/०३** | झापा जिल्ला, दमक गा.वि.स वडा नं. १० बस्ने टिका अधिकारी (श्रीमती) |
| १० | **उमेश विष्ट**<br>बुबा : नन्दाराम विष्ट<br>बाजे : रन सिा विष्ट | अछाम जिल्ला रामारोशन गा.पा वडा नं. ४ भई हाल रामारोशन गाँउपालिका वडा नं. ४ | बचत खाता नं. **०७७१००१७५०२३६७** | रामारोशन | **२०८२/०५/२४** | अछाम जिल्ला, रामारोशन गााउपालिका वडा नं. ४ बस्ने शारदा बिष्ट (आमा) |
| ११ | **कैलासी तेली**<br>बाबु : औधराम तेली<br>बाजे : बैजनाथ तेली | रुपन्देही जिल्ला, असुरैना, वडा नं. ०१ | बचत खाता नं. **०७११००१७५०७३६२** | सम्मरीमाई | **२०८२/०१/२०** | रुपन्देही जिल्ला, असुरैना, वडा नं. ०१ (हालः सम्मरीमाई-६) बस्ने तेजमन तेली (श्रीमान) |
| १२ | **इन्दु पोखरेल पौडेल**<br>पति : हुमनाथ पौडेल<br>ससुरा : कमल प्रसाद उपाध्याय | रिब्दीकोट गा.पा. वडा नं ८, पाल्पा जिल्ला, लुम्बिनी प्रदेश | बचत खाता नं. **१११००१७५०२२१२** | भलवारी | **२०८१/१२/१७** | रिब्दीकोट गा.पा. वडा नं ८, पाल्पा जिल्ला , लुम्बिनी प्रदेश बस्ने हुमनाथ पौडेल (पति) |
| १३ | **हेम राज पौडेल**<br>बाबु : टंकेश्वर पौडेल<br>बाजे : नरेश्वर पौडेल | दाङ जिल्ला, लमही नगरपालिका वडा नं.५ | बचत खाता नं. **४९१००१७५०३७४८** | भिमशेनगोला | **२०८२/०६/२३** | दाङ जिल्ला, लमही नगरपालिका वडा नं.५ बस्ने सावित्रा पोखेल (श्रीमती) |
| १४ | **भक्त बहादुर लिम्बु**<br>बाबु : छत्र बहादुर लिम्बु<br>बाजे : अम्बिरध्वज लिम्ब | धनकुटा जिल्ला, छथर जोरपाटी गाउँपालिका वडा नं.४ | बचत खाता नं. **२०९१००१७५०३४२७** | सिधुवा | **२०८२/०२/२५** | धनकुटा जिल्ला, छथर जोरपाटी गाउँपालिका वडा नं.४ बस्ने डोल कुमारी लिम्बु (श्रीमती) |
| १५ | **रतन कुमार अग्रवाल**<br>बाबु : मुनसी लाल अग्रवाल<br>बाजे : राम गिलाल अग्रवाल | ईलाम जिल्ला, फिक्कल गा.वि.स वडा नं.६ | बचत खाता नं. **२२७१००१७५०१०४५** | फिक्कल | **२०८१/११/१२** | ईलाम जिल्ला, श्री सूर्योदय नगरपालिका वडा नं.१० मा स्थायी ठेगाना भई हाल सोहि स्थानमा बस्ने अनुबाबु अग्रवाल (छोरा) |
| १६ | **ऋषीराम पराजुली**<br>बाबु : भुमिनन्द पराजुली<br>बाजे : खडानन्द पराजुली | बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १४ नख्खिपोट, ललितपुर | बचत खाता नं. **०२१००१७५३८३१३ र ०२१००१७५४९४१५** | तीनधारा | **२०७४/०५/१२** | बाग्मती प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १४ नख्खिपोट, ललितपुर बस्ने शुभद्रा कुमारी पौडेल (पराजुली) (श्रीमती) |
| १७ | **रमेश कुमार दाहाल**<br>बाबु : खम्ब सिंह दाहाल<br>पत्नी : शारदा अधिकारी | काठमाडौं जिल्ला, काठमाडौं माहानगरपालिका वडा नं ३२ | बचत खाता नं. **३९१००१७५०२४३२** | सातदोबाटो | **२०७९/०७/२५** | काठमाडौं जिल्ला, काठमाडौं माहानगरपालिका वडा नं ३२ बस्ने शारदा अधिकारी (श्रीमती) |

**NABIL BANK®**
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# महाकाली सिँचाइ तेस्रो चरण आयोजनाको निरीक्षण

**कञ्चनपुर/मस–** ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात तथा सहरी विकासमन्त्री कुलमान घिसिङले बुधबार महेन्द्रनगरस्थित महाकाली सिँचाइ तेस्रो चरण आयोजनाको र महाकाली चार लेन पुलको स्थलगत निरीक्षण गरेका छन् । सो अवसरमा जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक मित्र बरालले आयोजनाको पछिल्लो प्रगतिका बारेमा जानकारी दिएका थिए ।

लामो समयदेखि प्रक्रियागत अल्झनले पुल र सिचाँइको काम प्रभावित भएपछि बनेको जनाइएको छ । राष्ट्रिय गौरवको आयोजनामा महाकाली सिँचाइ तेस्रो चरणको २८ किलोमिटर मूल नहर निर्माण भएर पाँच हजार हेक्टर क्षेत्रफलमा सिँचाइका लागि संरचना तयार भए पनि टनकपुरबाट भारतीय पक्षले नहरमा पानी



नछोड्दा यहाँका किसानले सिँचाइ सुविधा पाउन सकेका छैनन् ।

सो अवसरमा उनले सिँचाइ आयोजनाको समस्या समाधानका लागि पहल भइरहेको जानकारी दिए । 'महाकाली सिँचाइ तेस्रो चरण नहरमा पानी सञ्चालनका लागि माथिल्लो तहबाट नै भारतसँग पहल भइरहेको छ', उनले भने,'यहाँको समस्याका बारेमा जानकारी भएको छ समस्या समाधानमा लाग्छौं ।'

त्यसैगरी भीमदत्त नगरपालिका-११ स्थित महाकाली नदीमा निर्माण भएको चार लेनको पक्की पुलको छेउमा निर्माण हुने कृतिम ताल र तटबन्ध निर्मणका लागि मन्त्रिपरिषद् स्तरीय निर्णय नहुँदा डेढ वर्षदेखि निर्माण कार्य बन्द छ ।

यसअघि निर्माण भएको तटबन्ध महाकाली नदीको बाढीले भत्काएपछि डिजाइनमा परिवर्तन गरिएको थियो । उक्त डिजाइन हालसम्म पनि स्वीकृत नहुँदा काम हुन सकेको छैन । उनले भने, 'तटबन्ध निर्माण नहुँदा यहाँ बाढीको जोखिम रहेछ वर्षात अघि नै यहाँको समस्या समाधान हुनेगरी काम गर्छौं ।'

# जापानिज 'इन्सेफ्लाइटिस'बाट पाँच महिनामा ६ जनाको मृत्यु

**चितवन/मस–** चितवन जिल्लाका विभिन्न अस्पतालमा उपचार गर्न आएका जापानिज इन्सेफ्लाइटिस सङ्क्रमितमध्ये छ जनाको मृत्यु छ ।

गत साउनयता अस्पताल आएका १७ जना संक्रमितमध्ये छ जनाको मृत्यु भएको हो ।

जनस्वास्थ्य कार्यालयका प्रमुख निर्मल घिमिरेका अनुसार मृत्यु हुनेमा दुई जना भरतपुर महानगरपालिका, एक जना खैरहनी नगरपालिका, दुई जना राप्ती नगरपालिका र एक जना कालिका नगरपालिकाका रहेका छन् । उनीहरुमध्ये एक जना ८९, एक जना ८१, दुई जना ७०, एक जना ४२, एक जना ३९ वर्षका रहेका छन् ।

सङ्क्रमितमध्ये १० जना महिला हुन भने सात जना पुरुष रहेका छन् । उनीहरुमध्ये तीन जना १५ वर्षमुनिका, पाँच जना १५ देखि ६० वर्षभित्रका र नौ जना ६० वर्षमाथिका रहेका छन् । संक्रमितमध्ये १५ जनाले खोप नलगाएको र दुई जनाले खोप लगाए- नलगाएको बारे स्पष्ट नरहेको उनले जानकारी दिए । संक्रमितमध्ये सात जना भरतपुर महानगरपालिकाभित्रका रहेका छन् ।

यस्तै खैरहनी नगरपालिकाका चार जना, माडी नगरपालिकाका एक जना, रत्ननगर नगरपालिकाका एक जना, राप्ती नगरपालिकाका दुई जना, कालिका नगरपालिकाका दुई जना रहेका छन् ।

यो रोग क्युलेक्स जातको पोथी लामखुट्टेको टोकाइबाट सर्ने कीटजन्य सरुवा रोग हो । यो लामखुट्टे घर बाहिर बस्न रुचाउने, घर बाहिरनै टोक्ने, साँझ र बिहान बढी सक्रिय हुने गर्दछ ।

**युएईमा रोजगार**

कम्पनी: AL TANMYAH SERVICES LLC
पूर्व स्वीकृत मिति: २०८२/०२/१९ चलानी नं.: ६०२३८९३९
LT. No.: 324951
शहर: UAE
पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner General | 100 | 1 | स. काममा दक्ष | 900 | ३५,६२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १० गते ( 25 December 2025) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

NICE RECRUITING AGENCY PVT. LTD.
श्रम ई. पत्र नं. १०६२/०७३/०७४
Samakhusi-26, Kathmandu, Landline No : 01-4957256,
Mob: 970-6414359, 984-3000020, 986-2179537
Website: nicerecruitment.org, E-mail: nicerecruitingagency1062@gmail.com

# कागती खेतीमा व्यस्त इन्जिनियर लोहनी

**दाङ/मस–** घोराही उपमहानगरपालिका-१६ तेरौटेका प्रतीकराज लोहनीले प्रांगरिक विधिमा आधारित भएर व्यावसायिक रूपमा कागती खेती गरेर नमूना किसानको परिचय बनाएका छन् ।

रासायनिक विषादी प्रयोग नगरी खेतीमा लागेका सिभिल इन्जिनियर उनले यसमा एक करोड लगानी गरिसकेका छन् । चार बिघा १० कट्ठाबाट खेती सुरु गरेका ४१ वर्षीय लोहनीले यसलाई छ बिघा विस्तार गरेका छन् ।

उद्यमी लोहनीले सञ्चालन



गरेको बगैँचामा 'सुन कागती-१' जातका करिब दुई हजारभन्दा बढी बिरुवा रोपिएका छन् । उनी भन्छन्,'सुन कागतीको बिरुवाले सामान्यतया रोपेको तीन वर्षदेखि उत्पादन दिने गर्दछ । हाल कागती जिल्लाको घोराही बजारसँगै काठमाडौं पनि पठाउने गरेको छ ।'

बगैँचामा १० जनाले रोजगारी पाएका छन् । खेती बढाउने सोचमा रहेका उनले प्रतिकट्ठा वार्षिक तीन हजार तिर्ने गरेको बताए । उनले थोपा सिँचाइ प्रविधि प्रयोग गरेका छन् । तेरौटे गाउँलाई 'ग्रिन भिलेज'का रूपमा विकास गर्ने उनको लक्ष्य छ ।

काठमाडौंमा अध्यापनसँगै हाइड्रोपावर कम्पनीमा सेवा गरेका उद्यमी लोहनीले भने,'सागसब्जीका तुलनामा कागतीमा रोग सङ्क्रमणको डर कम हुने र उत्पादन पनि अधिक हुने भएकाले कागती खेतीमा लागेको हुँ ।' गत वर्ष प्रतिकिलो एक सय ५० सम्म मूल्य पाएको कागती यस वर्ष ८० मा झरे पनि खेतीप्रति निराश हुनुपर्ने अवस्था नरहेको उनी बताउँछन् ।

## कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको सानिमा बैंक लिमिटेड, हरिवन शाखाको ३५ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०९/०३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएको हुनाले सम्पूर्ण बक्यौता कर्जा सुविधा फिर्ता गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अतः यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा धितो सुरक्षण लिलाम बिक्रि गर्ने र सो धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

साथै, उल्लिखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण वापत व्यक्तिगत/संस्थागत जमानत दिनुहुने पक्षहरूलाई समेत उपरोक्त ब्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र बैंकको कर्जा भुक्तानी गर्नु गराउनुहुन सुचित गरीन्छ ।

तपसिलः

| |
|---|
| **ऋणीको नाम र ठेगाना :** |
| प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही, मलंगवामा उद्योग दर्ता नं. ९९४८/०७७/०७८ कायम भई मिति २०७७/१०/१५ मा दर्ता भएको सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ६ स्थित **श्री ओम बहुउदेश्य कृषी तथा पशु फर्म** । |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| ईश्वरी प्रसाद मैनालीको नाती, राजन प्रसाद मैनालीको छोरा, सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ६ बस्ने **विश्व राज मैनाली** । |
| ईश्वरी प्रसाद मैनालीको नाती, राजन प्रसाद मैनालीको छोरा, सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ६ बस्ने **मेघ राज मैनाली** । |
| ईश्वरी प्रसाद मैनालीको नाती, राजन प्रसाद मैनालीको छोरा, सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ६ बस्ने **नवराज मैनाली** । |
| वचन राज मैनालीको नाती, ईश्वरी प्रसाद मैनालीको छोरा, सर्लाही जिल्ला, घुर्कौली गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **राजन प्रसाद मैनाली** । |
| दुर्गा प्रसाद उप्रेतीको छोरी, राजन प्रसाद मैनालीको श्रीमती, सर्लाही जिल्ला, घुर्कौली गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **रत्न कुमारी उप्रेती** । |
| नवराज पराजुलीको छोरी, राजन प्रसाद मैनालीको श्रीमती, सर्लाही जिल्ला, घुर्कौली गा.वि.स./न.पा. वडा नं. ५ बस्ने **सम्झना देवी मैनाली** । |
| ईश्वरी प्रसाद मैनालीको नाती, राजन प्रसाद मैनालीको छोरा, सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ६ बस्ने **श्री प्रसाद मैनाली** । |
| **धितो सुरक्षणको विवरण :** |
| १. **श्री ओम बहुउदेश्य कृषि तथा पशुफर्म**को नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स./न.पा. वडा नं. ६ (नक्सा सिट नं. ६घ) को कित्ता नं. ५७४ को ०-७-१० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २. **राजन प्रसाद मैनाली**को नाममा मालपोत कार्यालय हरिवन, सर्लाहीमा दर्ता श्रेस्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स./न.पा. वडा नं. ५ (नक्सा सिट नं. ५घ) को कित्ता नं. ५४०, २७८ र २७७ को ०-२-०, ०-२-१० र ०-२-१० (वि-क-धु) क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

सानिमा बैंक
www.sanimabank.com

'अलकापुरी', नक्साल, काठमाण्डौ, नेपाल फोनः +९७७-१-५९७००३३, फ्याक्सः +९७७-१-४५२८९६९, ईमेलः sanima@sanimabank.com

## Gaumukhi Rural Municipality
## Office of Rural Municipal Executive

Pyuthan
Lumbini Province, Nepal

**INVITATION FOR BIDS (IFB)**

**IFB No: 1-GRM-PYU-SQ-W-2082/083**

**Date of publication: 2082/09/03(18th Dec 2025)**

1. *Gaumukhi Rural Municipality, Office of Rural Municipal Executive* has allocated funds towards the cost of following Project and intends to apply part of the funds to cover eligible payments under the contract for following project: is open to all eligible bidders as per Section V of biding Document.
2. The Gaumukhi rural Municipality Office, Pyuthan Invites National Competitive Bids.

| S. N | Contract Identification Number | Name of Work | Estimated Cost (Vat+Ps) | Bid Security Amount (Nrs) | Fee for bid Document (Nrs) | (Bid +Security) validity Period | Bid Submitted Date & Time | Bid Opening Date & Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 1-GRM-PYU-SQ-Works-2082/083 | Gyanoday Aa.Vi Nirman | 11,51,816.58 | 29,000.00 | 1,000.00 | 45/75 Day | 2082-09-18 12:00 | 2082-09-18 13:00 |
| 2 | 2-GRM-PYU-SQ-Works-2082/083 | Janasahayogi Ma.Vi Nirman. | 11,51,578.81 | 29,000.00 | 1,000.00 | 45/75 Day | 2082-09-18 12:00 | 2082-09-18 13:00 |
| 3 | 3-GRM-PYU-SQ-Works-2082/083 | JharbangKhola Kudra Thulachaur Baismul Sadak. | 9,59,968.50 | 24,000.00 | 1,000.00 | 45/75 Day | 2082-09-18 12:00 | 2082-09-18 13:00 |
| 4 | 4-GRM-PYU-SQ-Works-2082/083 | Construction of Different Type of Road. | 16,32,457.17 | 41,000.00 | 1,000.00 | 45/75 Day | 2082-09-18 12:00 | 2082-09-18 13:00 |
| 5 | 5-GRM-PYU-SQ-Works-2082/083 | Liwang Sadak | 14,47,883.92 | 37,000.00 | 1,000.00 | 45/75 Day | 2082-09-18 12:00 | 2082-09-18 13:00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gaumukhi Rural Municipality, Pyuthan During office hours and PPMO's Web Site www.bolpatra.gov.np./egp.
4 Bidder who chooses to submit their bid electronically Only.
5. Information to deposite the bid security and cost of bidding document in bank.

| Account Holder's Name | Bank name and Address. Gaumukhi-5,Thulabesi | Account Number | Account Number | Rajaswa Shirshak No | Office Code No. |
|---|---|---|---|---|---|
| Gaumukhi Rural Municipality Office, Puja, Pyuthan | Nepal SBI Bank Gaumukhi Branch. Gaumukhi-5, Thulabesi | 41425240600014 (rajaswa) | 41425240600013 (Dharauti) | 14229 | 80555502300 |

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be onsidered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

**Cheif Administrative Officer**

## Dhurkot Rural Municipality
## Office of the Rural Municipal Executive

Barbot, Gulmi
Lumbini Province, Nepal

**Invitation for Bids (SQ)**

**Second Date of publication: 2025-12-18**

1. Dhurkot Rural Municipality Barbot, Gulmi invitation online bids(SQ) through e-procurement system bidders for the Procurement Of :

| S. N | Contract Identification Number | Works of description | Bid Security amount Nrs | Estimated Minimum amount without VAT Nrs | Bid Security Validity Period | Bid document fee Nrs |
|---|---|---|---|---|---|---|
| 1 | ODRM-Gulmi-RBMEW-SQ-15-082/83 | Procurement of Riverbed Material Extraction work From Panahkhola Kapase to Thuldi at Dhurkot Rural Municipality, Gulmi | 11,000 | 4,04,940 | 75 days | 1,000 |

2. Date of purchasing, submission and opening of above mentioned bid is :

| Last date of submission of bid | Date of opening of bid | Bank account for Purchasing of bid document (Dhurkot Ga.Pa. Ga. 1.1 Antarik Rajaswo Khata) | Deposit cash for bid security (Dhurkot Ga.Pa. Ga. 3.1 Sthaniya Taha Dharauti Khata) |
|---|---|---|---|
| 2026-01-01, 12:00 PM | 2026-01-01, 13:00 PM | Laxmi Sunrise Bank Ltd , Barbot Gulmi 0910501307703007 | Laxmi Sunrise Bank Ltd , Barbot Gulmi 0910501307701002 |

3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Eligible bidders may obtain further infoat the office of Dhurkot Rural Municipality or may visit PPMO website www.bolpatra.gov.np/egp and www.dhurkotmun.gov.np.
5. Wholly or partially the right to accept or reject the bid document depends on the office of Dhurkot Rural Municipality and for further information contact on 9857067917 , 9843589271.

**Chief Administrative Officer**

## सुर्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

दौलिचौर, बझाङ्, सुदुरपश्चिम प्रदेश, नेपाल

**बोलपत्र आव्हानको सूचना**

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०९/०३ गते)**

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको सार्वजनिक निर्माण कार्यका लागि बोलपत्र आव्ह्वान गरिएकोले ईच्छुक बोलपत्रदाताहरूले यो सूचना प्रकाशित भएको मितिले ३१ (एकतिस) दिनभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणाली (http://www.bolpatra gov.np/egp) मार्फत बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| सि. न. | ठेक्का विवरण | अनुमानित लागत रकम (मू.अ. कर समेत) | बोलपत्र जमानत | बोलपत्र दस्तुर (फिर्ता नहुने गरी) |
|---|---|---|---|---|
| १. | SRM/NCB/MGKN-Works-05/ 2082/83 Procurement of Works of Mallo Gotanna Khanepani Nirman Surma-03 | रु ६०,६७,७९,७६६ | रु १६०,०००। | रु. ३,०००। |

थप जानकारीको लागि यस कार्यालय एवम् सार्वजनिक खरिद अनुगमनको कार्यालय (http://www.bolpatra.gov.np/egp) मा सर्म्पक राख्न सकिने छ ।

# गाउँगाउँमै सेवा पुर्‍याउँदै छत्रकोट गाउँपालिका



**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
गुल्मी, २ पुस

गुल्मीको छत्रकोट गाउँपालिकाले गाउँ-गाउँमै पुगेर नागरिकलाई सेवा दिन थालेपछि स्थानीय हर्षित भएका छन् । गाउँपालिकाले घुम्ती शिविरमार्फत योजना सम्झौता, अपांगता परिचयपत्र वितरण तथा नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, स्वास्थ्य परीक्षण, कृषि परामर्शलगायतका सेवा गाउँटोलमै प्रदान गरिरहेको छ । शिविरमा नसर्ने रोगको निःशुल्क स्वास्थ्य परीक्षण, आयुर्वेद स्वास्थ्य सेवा, कृषि तथा पशु सेवा, वैदेशिक रोजगार बोर्डबाट प्रदान गरिने सेवामा सहजीकरणसमेत भइरहेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेले जानकारी दिए ।

गाउँपालिकाले छ वटै वडामा पुगेर घुम्ती शिविरमार्फत नागरिकलाई सेवा प्रदान गर्न थालेको प्रमुख प्रशासकीय अधिकृत पाण्डेको भनाइ छ । उनका अनुसार बुधबार वडा नम्बर २ को पल्लिकोटबाट सुरु भएको शिविर बिहीबार वडा नम्बर ३ को कार्यालय, शुक्रबार वडा नम्बर ४ को कार्यालय, आइतबार वडा नम्बर ५ तथा सोमबार वडा नम्बर ६ मा सञ्चालन गरिनेछ ।

शिविरमा अपांगता परिचयपत्र वितरण तथा नवीकरण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, योजना सम्झौता तथा व्यवसाय दर्ता र नवीकरणसम्बन्धी सेवा प्रदान गरिएको थियो ।

शिविरको पहिलो दिन १५ वटा योजना सम्झौता, ३४ वटा अपांगता परिचयपत्र नवीकरण, ३ वटा ज्येष्ठ नागरिक परिचयपत्र नवीकरण तथा १ वटा व्यवसाय नवीकरण गरिएको गाउँपालिका अध्यक्ष रामप्रसाद पाण्डेयले जानकारी दिए ।

नागरिकलाई सहज सेवा प्रवाह गर्ने र योजना कार्यान्वयनलाई प्रभावकारी बनाउन गाउँ-गाउँमा पुगेर शिविर सञ्चालन गरिएको गाउँपालिका अध्यक्ष पाण्डेयले बताए । 'यसपटक हामी दूरदराजसम्म पुगेर नागरिकलाई सहज सेवा दिने उद्देश्यका साथ अघि बढेका छौं' उनले भने,'घुम्ती शिविरमा जनप्रतिनिधि, कर्मचारी, स्वास्थ्यकर्मी, पशु तथा कृषि प्राविधिक सहभागी छन्। गाउँघरमा देखिने समस्या सोही स्थानबाट समाधान गर्ने हाम्रो लक्ष्य हो ।'

उनका अनुसार पुस १५भित्र सबै योजना सम्झौता सम्पन्न गर्ने लक्ष्य गाउँपालिकाको रहेको छ । समयमै सम्झौता सम्पन्न भएमा योजना समयमै कार्यान्वयन हुने र कामको गुणस्तर पनि बढ्ने अपेक्षा गरिएको उनले बताए। वडा नम्बर २ बाट सुरु गरिएको शिविर वडा नम्बर १ मा पुगेर सम्पन्न गरिने गाउँपालिका उपाध्यक्ष सावित्रा ज्ञवालीले जानकारी दिइन्। योजनाको प्रभावकारी कार्यान्वयन, पालिकाबाट प्रदान गरिने सेवा वडाबाटै उपलब्ध गराउने तथा सेवामा नागरिकको पहुँच बढाउने उद्देश्यले एकीकृत घुम्ती शिविर सञ्चालन गरिएको उनले बताइन्।

शिविरको पहिलो दिन उत्साहपूर्वक स्थानीय नागरिकको सहभागिता रहेको थियो। कार्यक्रममा स्वास्थ्य परीक्षण, ज्येष्ठ नागरिक परिचयपत्र वितरण, अपांगता परिचयपत्र वितरण, नयाँ व्यवसाय दर्ता, आयुर्वेद सेवा, कृषि तथा पशु सेवा तथा वैदेशिक रोजगारीमा जाने नागरिकलाई परामर्श प्रदान गरिएको थियो । घुम्ती शिविरमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राजन पाण्डेको नेतृत्वमा सबै कर्मचारी तथा जनप्रतिनिधि परिचालन भएका छन् ।

# युके पठाउने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं/मस-** वैदेशिक रोजगारीका लागि युके पठाइदिने भन्दै ५२ लाख रुपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ ।

काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका अनुसार कास्कीको पोखरा महानगरपालिका-१५ घर भइ हाल काठमाडौं महानगरपालिका-१२ मा बसोबास गर्दै आएका ५० वर्षीय लालबहादुर बराइली पक्राउ परेका हुन् । कार्यालयका प्रवक्ता काजीकुमार आचार्यका अनुसार बराइलीले एक जना पीडितलाई युकेमा रोजगारी लगाइदिने आश्वासन दिइ ५२ लाख रुपैयाँ लिएका थिए । लामो समयसम्म झुक्याएर राखी युके नपठाएको र सम्पर्कविहीन भएको उजुरीका आधारमा उनलाई पक्राउ गरिएको हो । पक्राउ परेका बराइलीलाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रवक्ता आचार्यले जानकारी दिए ।

प्रहरीले पछिल्लो समय रोजगारीका लागि विदेश पठाउने नाममा ठगी गर्ने घटना बढ्दै गएको उल्लेख गर्दै यस्ता गतिविधिप्रति सबैलाई सचेत रहन आग्रह गरेको छ ।

## मलेसियामा रोजगार

कम्पनी: SAFEGUARDS SECURE SOLUTION SDN BHD — शहर: SELANGOR
पूर्व स्वीकृत मिति: २०८१/०१/०९ चलानी नं.: ६०२१८४४१ LT. No.: 303568 पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 100 | 0 | स. काममा दक्ष | 1500 | ५३,३७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ पुस १० गते (25 December 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**KALINCHOK H. R. PVT. LTD.**
License No.: 1406/074/075
G.P.O. Box: 12447, Tokha-10, Samakhusi, Kathmandu, Nepal
Tel: 014980649, 9801081748, 9801179844, 9851093878, 9851136852, Email: info@kalinchokhr.com.np

# सिंगटी हाइड्रो इनर्जी लि.को

हाडीगाँउ, काठमाण्डौं, फोन नं. ०१-४५४३२०२, ४५४३२०३
Email: shehydro@gmail.com, Web: www.singatihydro.com

## सोह्रौं वार्षिक साधारण सभासम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८२/०९/०३**

यस सिंगटी हाइड्रो इनर्जी लि.को मिति २०८२/०८/२६ मा बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार कम्पनीको सोह्रौं (पब्लिक लिमिटेड भएपश्चात् आठौं) वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ (२) बमोजिम सम्पूर्ण सेयरधनीहरूको जानकारी तथा उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वार्षिक साधारण सभा हुने मिति, समय र स्थान**

मिति :- २०८२ साल पौष २१ गते सोमबार ।
समय :- बिहानको ठिक ११ बजे ।
स्थान :- धुम्रबराह भेन्यु, धुम्वाराही, काठमाडौं ।

**वार्षिक साधारण सभामा पेस हुने छलफलका विषयहरू**

(क) सामान्य प्रस्तावहरू :

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आर्थिक वर्ष ०८१/०८२ को वार्षिक प्रतिवेदन/आर्थिक विवरणउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. कम्पनीका लेखापरीक्षकद्वारा पेस भएको आ. व. ०८१/०८२ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाहलगायतका वित्तीय विवरणहरू सहितको लेखा परीक्षण प्रतिवेदनउपर छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. ०८२/०८३ का लागि लेखा परीक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. अन्य आयोजनाको सम्बन्धमा अध्ययन गरी लगानी गर्ने तथा लगानी गर्ने आयोजनाहरूमा कर्पोरेट बैंक ग्यारेन्टी दिने सम्बन्धमा ।
५. विविध ।

(ख) विशेष प्रस्तावहरू :

१. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम बोनस सेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने सम्बन्धमा ।
२. विशेष प्रस्ताव नं. १ बमोजिम जारी गरिने बोनस सेयरको हदसम्म कम्पनीको अधिकृत, जारी र चुक्तापूँजी वृद्धि गर्ने गरी प्रबन्धपत्रको दफा ६ (क), (ख) र (ग) मा संशोधन गर्ने सम्वन्धमा ।
३. कम्पनीले १:१ को अनुपात माहकप्रद सेयर निष्काशन गर्ने सम्बन्धमा ।

**साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. यस सिंगटी हाईड्रो इनर्जी लिमिटेडको सोह्रौं (पब्लिक लिमिटेड भएपश्चात् आठौं) वार्षिक साधारण प्रयोजनका लागि मिति २०८२/०९/०७ गते सोमबारका दिन यस कम्पनीको सेयर दाखिल खारेज दर्ता कार्य बन्द (Book Close) रहनेछ । नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा मिति २०८२/०९/० ६ गते आइतबार सम्म कारोबार भई प्रचलित कानून अनुसार तोकिएको समयावधिभित्रमा यस कम्पनीको सेयर रजिष्ट्रार एनआई एम बि एस क्यापिटल लिमिटेड लाजिम्पाट काठमाण्डौमा प्राप्त सेयर नामसारी विवरणको आधारमा सेयरधनी दर्ता किताबमा कायम सेयरधनीहरूले मात्र वार्षिक साधारण सभामा भागलिन र मतदान गर्न पाउने छन् ।
२. वार्षिक साधारण सभामा भागलिने सेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने प्रमाण वा फोटो सहितको परिचयपत्र अनिवार्य रूपमा साथमा लिई आउनुपर्नेछ ।
३. साधारण सभामा भागलिन प्रतिनिधि (प्रोक्सी) नियुक्तगर्न चाहने सेयरधनीहरूले प्रचलित कम्पनी सम्बन्धी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै कम्पनीको केन्द्रीय कार्यालय काठमाण्डौमा प्रतिनिधिपत्र (प्रोक्सी) दर्ता गराइसक्नु पर्नेछ । कम्पनीको सेयरधनी बाहेक अरुलाई प्रतिनिधिपत्र (प्रोक्सी) दिनपाइने छैन ।
४. सेयरधनी महानुभावहरूको उपस्थिति पुस्तिका साधारणसभा स्थलमा बिहान १०:०० बजेदेखि खुल्ला रहनेछ ।
५. वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी वा साधारण सभामा पेश हुने विवरणहरू सम्बन्धमा कुनै जानकारी आवश्यक भएमा कम्पनीको वेभसाइट www.singatihydro.com बाट वाकार्यालय समय भित्र कम्पनीको केन्द्रीय कार्यालयको टेलिफोन नं. ०१-४५४३२०२ र ४५४३२०३ बाट प्राप्तगर्न सक्नु हुनेछ ।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# धितोमा रहेको सम्पत्ति लिलाम बिक्रि गर्ने सम्बन्धी सानिमा बैंक लिमिटेड, टीकापुर शाखाको ७ दिने सार्वजनिक सूचना ।।

(प्रकाशित मिति : २०८२/०९/०३ गते)

यस बैंकबाट ऋणकर्जा लिएका तपसिलमा उल्लिखीत ऋणीले ऋणकर्जा लिदाँ बैंकलाई गरिदिएको कर्जा लिखतहरू तथा कर्जा स्वीकृति पत्रको शर्तमा तोकिए बमोजिम बुझाउनु पर्ने साँवा, ब्याज आदि समेत बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋणकर्जा लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रूपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋणकर्जा दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारूकता नदेखाएकोले **मिति २०८१ साल श्रावण महिना ३१ गतेको "कारोबार" राष्ट्रिय दैनिकमा** सम्पूर्ण कर्जा चुक्ता भुक्तान गर्नेबारे **३५ दिने सार्वजनिक सूचना** प्रकाशित गर्दा समेत कर्जा चुक्ता भुक्तान गर्ने तर्फ ऋणीले कुनै चासो नदेखाएकोले **मिति २०८२ साल बैशाख महिना १८ गतेको "मध्यान्ह" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **२१ दिने सूचना** र **मिति २०८२ साल जेष्ठ महिना २६ गतेको "अन्नपूर्ण पोस्ट्" राष्ट्रिय दैनिकमा** धितो लिलाम बिक्री गर्ने सम्बन्धी **१५ दिने सूचना** प्रकाशित गर्दा समेत कसैको पनि बोलकबोल नपरेको साथै उल्लिखीत सूचनाको समयसिमा भित्र समेत ऋणीले कर्जा चुक्ता भुक्तान नगरेको हुँदा धितो सुरक्षणमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरिने भएको हुँदा ईच्छुक महानुभावहरूको जानकारीको लागि यो गोप्य शिलबन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ ।

तपसिलमा उल्लिखीत धितोमा रहेको सम्पत्ती खरिद गर्न चाहानु हुने ईच्छुक महानुभावहरूले तल उल्लिखीत शर्त बन्देजहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र यस बैंकको केन्द्रीय कार्यालय नक्साल, काठमाण्डौमा वा अन्य शाखाहरूमा पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री नभएमा प्रचलित कानून तथा बैंकको नियमानुसार सो सम्पत्तिको स्वामित्व बैंक आफैले सकार गरी लिन सक्नेछ । धितो लिलाम बिक्री गर्दा वा बैंकले आफै सकार गरेर लिंदा साविकमा बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो/हाम्रो सम्पत्तीको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरी लिएको बदर गरीपाँऊ भनि कहीँ कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै धितोबाट सम्पूर्ण कर्जा रकम असुल उपर नभएको खण्डमा प्रचलित कानुन तथा नेपाल राष्ट्र बैंकको निति नियमको अधिनमा रही बाँकी बक्यौता ऋणी तथा जमानिकर्ताहरूबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराउदछौं ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफूले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने ब्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल:**

| ऋणीको नाम र ठेगाना : |
|---|
| नेपाल सरकार, वाणिज्य मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, धनगढी कैलालीमा प्रा.फ.र.नं. २६१८०/०७५/७६, स्थानिय व्यापार कायम भई मिति २०७५-०६-२२ मा दर्ता भएको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ०१ स्थित **भट्टराई खाद्यान्न स्टोर ।** |
| **व्यक्तिगत जमानतकर्ताहरूको नाम, थर र ठेगाना :** |
| कृष्ण प्रसाद भट्टराईको नाती, भोजराज भट्टराईको छोरा, कैलाली जिल्ला, टीकापुर न.पा. वडा नं. १ बस्ने **नवराज भट्टराई...१** |
| होमनाथ घिमिरेको छोरी, नवराज भट्टराईको श्रीमती, सिन्धुली जिल्ला, भिमथान गा.वि.स. वडा नं. २ बस्ने **सिता घिमिरे...१** |
| **धितो सुरक्षणको विवरण** |
| १. **नवराज भट्टराई**को नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९ख) को कित्ता नं. २७४ को ४६०५.३९ वर्ग मि. क्षेत्रफल रहेको जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |
| २. **सिता घिमिरे**को नाममा मालपोत कार्यालय टिकापुर, कैलालीमा दर्ता श्रेस्ता कायम रहेको कैलाली जिल्ला, टिकापुर न.पा. वडा नं. ९ (नक्सा सिट नं. ९ग) को कित्ता नं. २०८८ को ७४४.४१ वर्ग मि. क्षेत्रफल रहेको जग्गा, सो जग्गामा बनेको घर र सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिग लगापात समेत । |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त तथा वन्देजहरू :**

१. बोलपत्र आवेदन फारम यस बैंकको केन्द्रीय कार्यालय नक्साल काठमाण्डौ वा अन्य शाखाबाट रू. ५००/- बुझाई (पछि फिर्ता नहुने) प्राप्त गर्न सकिनेछ ।
